## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव,** फौ.पु.नं. ०६६-CR-०१४२, २६४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कृष्णबहादुर कुमाल समेत, कृष्णबहादुर कुमाल समेत वि.नेपाल सरकार*

प्रतिवादीहरू कृष्णबहादुर कुमाल, भूपेन्द्रबहादुर कुमाल, प्रचण्डबहादुर कुमाल र महेन्द्रबहादुर कुमालले अदालतसमक्ष बयान गर्दा कसूरमा इन्कार रही बयान गरेको देखिए तापनि निज प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा मृतकसँगको पूर्व रिसइवी साँध्न चारैजनाले मृतकलाई लात मुक्काले कुटपीट गरेको र सो कुटपीटबाट मृतकको मृत्यु भएपछि पनि अझै रिस शान्त नभएकोले लासलाई गाड्न खाल्डोमा हालिसकेपछि पनि प्रतिवादी कृष्णबहादुर कुमालले खुर्पाले लासको घाँटी छिनाइदिएको र लासको खुट्टा हातलगायत जताततै काटेको हो भनी घटनाक्रमको सविस्तार वर्णन गर्दै परस्पर पोल गरी सबै प्रतिवादीहरूले एकै मिलानको साविती बयान गरेको र प्रतिवादीहरूले बयानमा देखाएको स्थानबाटै लास बरामद भएको देखिन्छ र प्रतिवादीहरूले लास दबाउने छिपाउने कार्यमा खाडल खन्न एवं लास बोक्न प्रयोग गरेका बेल्चा, कोदालो, डोको, नाम्लालगायतका दसीहरू समेत बरामद भई प्रतिवादीहरूले सनाखत समेत गरिदिएको देखिँदा प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जनही जन्मकैद हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६८ साल मंसिर २८ गते रोज ४ शुभम् ।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव,** फौ.पु.नं. ०६७-CR-०३२०, कर्तव्य ज्यान, *कुलबहादुर दर्जी नेपाली वि. नेपाल सरकार*

प्रतिवादी कुलबहादुर नेपालीले नै धारिलो हतियारले अन्धाधुन्ध मलाई प्रहार गरेको हो भनी घाइते अवस्थामा रामकुमार चेम्जोङले वारदातका दिन लाइफ अस्पताल दमकमा चिकित्सकको रोहबरमा प्रहरी अधिकृतसमक्ष व्यक्त गरेको र सोही राति उपचारको क्रममा निजको मृत्यु भएको भन्ने देखिन्छ । त्यस्तै मृतकको शव परीक्षण प्रतिवेदन हेर्दा, मृत्युको कारणमा "Death is due to cumulative effect of haemorrhage shock and head injury produced by cumulative effect of sharp and blunt force" भनी उल्लेख भएको पाइन्छ । यसबाट समेत प्रतिवादीको साविती बयान व्यहोरा समर्थित हुन आएको हुँदा प्रतिवादीले अभियोग माग दावीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. को कसूर गरको ठहऱ्याई निजलाई सोही नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

मृतकले घरका भित्ताहरूमा अश्लील शब्द र चित्रहरू कोरी त्यसलाई आफ्नी छोरीसँग जोडी प्रदर्शन गरेको र मृतकका बाबुआमालाई निजको उक्त बिज्याइँका बारेमा गुनासो गर्दा बाबुआमाले पनि सहानुभूतिसम्म व्यक्त नगरेको र मृतकले समेत गल्ती महसूस नगरी उल्टै अपमानजनक व्यवहार गरेको पीडाबाट मर्माहत भई प्रतिवादीले मृतकउपर ज्यान लिनेसम्मको कार्यमा उद्यत भएको परिस्थितिलाई दृष्टिगत गर्दा प्रतिवादीलाई ऐनबमोजिम ठहरेको सर्वस्वसहितको जन्मकैदको सजाय चर्को पर्ने देखिँदा सो नगरी १०(दश) वर्ष मात्र कैद सजाय गर्दा पनि न्यायको उद्देश्य पूरा हुने देखिएको हुँदा अ.बं. १८८ नं. अनुसार निज प्रतिवादीलाई १० (दश) वर्ष मात्र कैद सजाय हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः मुकुन्द विष्ट
संवत् २०६८ साल मंसिर २८ गते रोज ४ शुभम् ।

३

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव,** फौ.पु.नं. ०६६-CR-०८२५, कर्तव्य ज्यान, *पदमप्रसाद बाँस्तोला वि. नेपाल सरकार*

मृतकसँग झैझगडा हुँदा आफूले ज्यान बचाउन गुहार मद्दत मागेको भनी प्रतिवादीले भन्न सकेको देखिँदैन । घटना विवरण कागज गर्ने

प्रत्यक्षदर्शीहरूको भनाईबाट समेत छेउछाउमै घरहरू रहेको बीच बाटोमा वारदात भएको देखिँदा प्रतिवादीले गुहार मद्दत माग्न र गुहार मद्दत पाउन नसक्ने अवस्था थियो भन्ने समेत देखिन आउँदैन । साथै प्रत्यक्षदर्शीहरूले प्रतिवादीले नै साइकलबाट उत्री मृतकलाई चक्कुले प्रहार गरेको देखेका हौं भनी व्यक्त गरिरहेको अवस्था हुँदा प्रतिवादीले अभियोग माग दावीबमोजिम मनसायपूर्वक चक्कु जस्तो जोखिमी हतियारले छातीमा प्रहार गरी मृतक नारायणबहादुर लामिछानेको ज्यान मारेको तथ्य सिद्ध हुन आएकोले निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः विकेश गुरागाई
संवत् २०६८ साल मंसिर २८ गते रोज ४ शुभम् ।

४

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री अवधेशकुमार यादव,** फौ.पु.नं. ०६७-CR-००३६, जवर्जस्ती करणी, *नेपाल सरकार वि. रामबहादुर वि.क.*

पीडित बालिकाको स्वास्थ्य परीक्षण गरी प्रसूतिद्द गृह विकास समितिले दिएको मिति २०६४।१।२७ को प्रतिवेदनमा “पीडित बालिकाको स्वास्थ्य साधारण छ । निजको कन्याजाली च्यातिएको छैन । निजको शरीरमा कुनै घाउ चोट लागेको देखिँदैन” भन्ने उल्लेख भएको देखिन्छ । पीडित बालिकाको कन्याजाली च्यातिएको छैन भन्ने उपरोक्त परीक्षण प्रतिवेदनको व्यहोराबाट पनि प्रतिवादीको लिङ्ग पीडित बालिकाको योनीमा प्रवेश गर्न पाएको थिएन भन्ने तथ्य समर्थित हुँदा प्रतिवादीले निजलाई जवर्जस्ती करणी गरेको भन्ने देखिन नआई जवर्जस्ती करणीको उद्योगसम्म गरेको तथ्य स्थापित हुन आएकोले प्रतिवादीलाई जवर्जस्ती करणीको उद्योग गरेको कसूरमा मुलुकी ऐन, जवर्जस्ती करणीको महलको ५ नं. बमोजिम पाँच वर्ष कैद हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः विकेश गुरागाई
संवत् २०६८ साल मंसिर २८ गते रोज ४ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री प्रा.डा. भरतबहादुर कार्की,** २०६४ सालको २०६४-WO-००९८, उत्प्रेषण, *सन्तोषकुमार अर्याल वि. उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी समेत*

निवेदकले आफूले बढुवा पाउनुपर्ने भनी दावी गरेको पदमा बढुवा पाइसकेको कुरा यी निवेदकले स्वीकार गरेको देखिन्छ । रिट निवेदकले आफूले अधिकृत द्वितीय पदमा बढुवा पाउनुपर्नेमा सोबाट बञ्चित गरिएकोले रिट निवेदन मागबमोजिम आदेश जारी गरिपाऊँ भनी माग गरेकोमा हाल यी रिट निवेदकले उक्त पदमा बढुवा पाइसकेको कुरा तथ्यबाट देखिएकोले रिट निवेदनको प्रयोजन पूरा भई प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भएको देखिने ।

यस अदालतको असाधारण अधिकारक्षेत्रको प्रयोग नागरिकलाई संविधानद्वारा प्रत्याभूत गरिएका मौलिक हकको हनन् भएको अवस्थामा सोको उपचार र कानूनी हकको उपचारको व्यवस्था नभएको वा उपचारको व्यवस्था भए पनि सो प्रभावकारी नभएको अवस्थामा सो हक अधिकारको प्रचलनको लागि औचित्य र कारणको आधारमा मात्र हुने हो । रिट निवेदनको औचित्य समाप्त भएको अवस्थामा असाधारण अधिकारक्षेत्रअन्तर्गत रिट जारी हुन सक्तैन । तसर्थ, प्रस्तुत विवादमा पनि यी रिट निवेदक सन्तोषकुमार अर्यालले रिट निवेदन मागबमोजिमको पदमा बढुवा पाइसकेको कुरा उल्लिखित तथ्यबाट स्थापित भएको देखिई प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भएको देखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः मन्जिता ढुंगाना
इति संवत् २०६८ साल बैशाख ६ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री बलराम के.सी. र श्री कमलनारायण दास,** २०६७ सालको दे.पु.नं. २०६७-CI-०५०५, निषेधाज्ञा, *करामत अली नाउँ वि. श्यामलाल(राज) वैश्य समेत*

पुनरावेदन अदालतको विशेष अधिकारक्षेत्र सामान्यतः नागरिक अधिकारको हनन् हुन सक्ने अवस्थामा सोको अन्य प्रभावकारी वा वैकल्पिक उपचार नभएको अवस्थामा प्रयोग हुने हो । अदालतको साधारण अधिकारक्षेत्रअन्तर्गत प्रभावकारी उपचारको मार्ग रहे भएको र सोको अवलम्बन गरी जिल्ला अदालतमा मुद्दा विचाराधीन रहेकै अवस्थामा उक्त मुद्दामा असर पर्ने गरी पुनरावेदन अदालतको विशेष अधिकारक्षेत्रअन्तर्गत उपचार प्रदान गर्न मिल्दैन । यो कानूनी मान्यता नै हो । यस्तो अवस्थामा प्रस्तुत विवादसँग सम्बन्धित विषयमा पुनरावेदक करामत अली नाउ र यी विपक्षी श्यामलाल (राज) वैश्यबीच चलेको जग्गा खिचोलासम्बन्धी मुद्दा बाँके जिल्ला अदालतमा चलिरहेको भन्ने देखिँदा उक्त मुद्दाबाट विवादको निरोपण हुने नै देखिएको र प्रस्तुत विवादमा पुनरावेदकले जिकीर गरेअनुसारको विषय विपक्षी जिल्ला प्रशासन कार्यालय बाँकेको क्षेत्राधिकार अन्तर्गतको विषय नदेखिनुको साथै उक्त कार्यालयबाट आफूले निवेदन जिकीरअनुसारको कार्य नगरेको भनी लिखित जवाफ समेत पेश गरेको देखिँदा यी पुनरावेदकले जिकीर गरेअनुसार निजको घर टहरो भत्काउने आशंकाको विद्यमानता समेत नदेखिँदा प्रस्तुत विवादमा पुनरावेदक करामत अली नाउको शुरू निवेदन मागबमोजिम निषेधाज्ञा जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६८ साल जेठ १२ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको २०६७ सालको दे.पु.नं. २०६३-CI-०५१९, निषेधाज्ञायुक्त परमादेश, *हरिप्रसाद शर्मा आचार्य वि. सुनीलरत्न तुलाधर समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कमलनारायण दास,** २०६७ सालको दे.पु.नं. ०६३-CI-०९३९, निषेधाज्ञा, *रामईश्वरप्रसाद साह वि. जिल्ला प्रहरी कार्यालय, धनुषा समेत*

निषेधाज्ञा पुनरावेदन अदालतको यस्तो अधिकारक्षेत्र हो, जसमा कसैको निर्विवाद र स्थापित हकाधिकारमा अरू कसैले कुनै व्यहोराले हस्तक्षेप गर्ने वा आघात पुर्‍याउने प्रवल आशंका विद्यमान भएमा त्यस्तो आशंकाको विद्यमानतालाई निषेध गर्न आदेश जारी गरिन्छ । पुनरावेदन अदालतको विशेष अधिकारक्षेत्रअन्तर्गत विवादको तथ्यभित्र प्रवेश गरी प्रमाणको संकलन, मूल्याङ्कन र विवेचना गरी हक स्थापित, कसैको हक विस्थापित वा हक कायम गरिँदैन । यो निषेधाज्ञा सिद्धान्त र कानूनको मान्य सिद्धान्त नै हो ।

निषेधाज्ञाको आदेश कुनै गैरकानूनी कार्य सम्पन्न भइनसकेको र त्यस्तो कार्य सम्पन्न हुन सक्ने प्रवल आशंकाको स्थितिमा मात्र जारी हुने हो, अर्थात् सम्पन्न भइसकेको उक्त कार्य रोक्नको लागि निषेधाज्ञाको आदेश जारी हुन सक्दैन । साथै, प्रस्तुत विवाद अंश मुद्दाको जरियाबाट उठेको देखिँदा यस्तो विषयमा विवादको तथ्यभित्र प्रवेश गरी प्रमाणको संकलन, मूल्याङ्कन र विवेचना गर्ने तथा हक बेहक गर्ने कार्य विशेष अधिकारक्षेत्रभित्रको नभै त्यस्तो कार्य अदालतको साधारण क्षेत्राधिकारको विषय भएको हुँदा समेत विशिष्ट अधिकारक्षेत्रअन्तर्गत निषेधाज्ञा जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६८ साल जेठ १२ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कमलनारायण दास,** २०६७ सालको दे.पु.नं. ०६७-CI-१०९३, परमादेश, *गंगाराम राय यादव वि. जिल्ला शिक्षा कार्यालय, गौर*

पदाधिकार वा हक स्थापित भएको व्यक्तिलाई विपक्षी बनाई प्रतिवादको मौका दिई सो विषयमा दोहारो सुनुवाई हुँदा उक्त पदाधिकार स्थापित भएको कार्य गलत देखिएमा मात्र त्यस्तो कार्य बदर हुन सक्ने र त्यसरी बदर भएको अवस्थामा मात्र पुनः नियमित नियुक्ति वा छनौटको लागि परमादेश जारी गर्नुपर्ने ।

उत्प्रेषणको आदेशद्वारा गलत कार्य बदर भएको अवस्थामा वा कुनै सरकारी निकाय वा अधिकारीले आफूले पूरा गर्नुपर्ने कार्य वा जिम्मेवारी पूरा नगरेको कारणबाट कसैको कुनै निर्विवाद हक प्रचलन हुन नसकेको अवस्थामा उक्त हकको प्रचलनको लागि मात्र परमादेश जारी हुनसक्ने ।

कुनै पदमा एकाको हक अधिकार सिर्जना वा स्थापित भइसकेको अवस्थामा उक्त हक

अधिकारको सिर्जना वा स्थापित भएको कुरा बदर नभई पुनः सोही पद वा हक अधिकारमा अर्को व्यक्तिको बहाली वा स्थापना हुने गरी तेस्रो पक्षको हक अधिकारमा आघात पुग्ने गरी एकाङ्गी रूपमा परमादेश जारी हुन नसक्ने ।

बिन्दा सहनी विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट भई उक्त पदमा निजको हकाधिकार स्थापित भइसकेको देखिँदा उक्त छनौट प्रक्रिया वा निजको हक अधिकार स्थापित भएको कुरालाई बदर गर्न माग नगरी निजलाई विपक्षी नै नबनाई दायर गरिएको प्रस्तुत रिट निवेदनबाट अर्को अध्यक्ष छनौट गर्नु भनी एकांङ्गी रूपमा विपक्षी नै नबनाइएको व्यक्तिको स्थापित भएको अधिकारमा आघात पर्ने गरी परमादेश जारी गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६८ साल जेठ १२ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको CI-०४७५, हक कायम, *कालीमैया ठकुरानी वि. निवा भन्ने आशाकाजी महर्जन*

वादी स्वयंले जग्गा गुठीको स्वीकारी त्यसमा आफ्नो रहेको मोही हक छोडी अरूलाई हस्तान्तरण गरी हाल सोही जग्गालाई गुठीको होइन, जग्गा कुश बिर्ताको हो र सो कुश बिर्ताको जग्गा बिर्तावालाले रैकरमा परिणत नगरेको कारण मोहीको हैसियतले जग्गा दर्ता गरिपाऊँ भनी वादीले लिएको दावी पुग्न नसक्ने स्पष्ट भैरहेको स्थितिमा मोहीको हैसियतबाट हक छाडेको छोडपत्र कानूनअनुरूप भए नभएको विषयको निरोपण त्यससम्बन्धी विवादमा हेरिने भएको र त्यस्तो विषय कतैबाट नउठेको अवस्थामा हक छोड्नेले उल्लेख गरेको कारणले मात्र त्यसतर्फ विचार गरिरहनु पर्ने अवस्था यहाँ देखिँदैन । मोहीले आफ्नो हक छोडिसकेको विषयमा हाल हक बेहक गर्नुपर्ने प्रश्न नै विद्यमान नहुँदा हक कायममा दावी नपुग्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः बिपना+बेदना

इति संवत् २०६८ साल असार २१ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको CI-०४६१, लुटपीट, *कालीमैया ठकुरानी वि. आशाकाजी महर्जन*

लुटपीटको वारदात सम्बन्धमा वादीको भनाई नै उनले दायर गरेका अलग अलग लिखतमा तथ्यगत कुरामा नै फरक फरक देखिई विरोधाभास देखिएको अवस्थामा वादीको लगाएको बाली प्रतिवादीले लुटी लगेको वस्तुनिष्ठ प्रमाणबाट समर्थित नहुन्जेल लुटपीट जस्तो फौजदारी मुद्दामा सजायको भागीदार बनाउनु न्यायोचित नहुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः विपनादेवी मल्ल

इति संवत् २०६८ साल असार २१ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. ०६५-WR-०५७८, उत्प्रेषणयुक्त परमादेश समेत, *सुरेशकुमार दनुवार वि. श्री सशस्त्र प्रहरी बल, प्रधान कार्यालय, हलचोक काठमाडौं समेत*

सूचना तामेल गर्न पठाउनु मात्र पर्याप्त नभै सो सूचना निर्धारित प्रक्रियाबमोजिम तामेल पनि गर्नुपर्दछ । तब मात्र सफाइ पेश गर्ने पर्याप्त र उचित मौका दिएको मानिने ।

बाध्यात्मक कानूनी व्यवस्थाको पालना नगरी विपक्षीहरूले निवेदकलाई अवकाश दिने गरी गरेको निर्णय प्राकृतिक न्यायको सिद्धान्तअनुरूप भएको भन्न नमिल्ने ।

निवेदक सुरेशकुमार दनुवारलाई कार्यालयमा सम्पर्क राख्न नआई लामो समयसम्म गैरहाजिर रहेको भनी सेवाबाट अवकाश गर्ने गरी सशस्त्र प्रहरी बल कंकालिनीमाई गणबाट गरेको २०६५।८।९ को निर्णयमा यी रिट निवेदकलाई सुनुवाइको मौका दिएको नदेखिँदा उल्लिखित सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २१ र सशस्त्र प्रहरी नियमावली २०६० को नियम ९१ ले व्यवस्था गरेको वाध्यात्मक कानूनी व्यवस्थाको अवलम्बन नगरी प्राकृतिक न्यायको उल्लंघन गरेको देखिँदा उक्त निर्णयलाई काननूसम्मत् र प्राकृतिक न्यायको सिद्धान्तअनुरूप भएको मान्न नमिल्ने हुँदा

निवेदक सुरेशकुमार दनुवारलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी गैरहाजिर रहेको मिति २०६५।७।२१ गतेबाटै लागू हुने गरी नोकरीबाट हटाउने गरेको विपक्षी सशस्त्र प्रहरी बल कंकालिनीमाई गणको २०६५।८।९ को निर्णय तथा सोलाई सदर गर्ने गरेको पूर्व क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय, बराह बाहिनीको मिति २०६५।१०।१७ को निर्णय बदर गरिदिएको छ। अब उक्त निर्णय बदर भएकोले यी रिट निवेदक सुरेशकुमार दनुवारलाई पूर्वकार्यरत् सशस्त्र प्रहरी जवान पदमा बहाली गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६८ साल कात्तिक १४ गते रोज २ शुभम्।

८

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** ०६७-CR-०२०१, निर्णय बदर, *भगवतीकुमार काफ्ले वि. विश्वम्भरलाल अग्रवाल समेत*

सम्झौतामा रहेका सम्झौताको अवधि र बहाल रकम जस्ता सयमसापेक्ष संशोधन, परिमार्जन गर्न सकिने विषयहरू समसामयिक रूपमा परिवर्तन संशोधन गरी स्वायत्त र संगठित संस्थाको रूपमा रहेको पशुपति क्षेत्र विकासकोष र सोअन्तर्गत रहेको पशुपति अमालकोट कचहरीले आफ्नो सम्पत्तिको संरक्षण गर्न कानूनबमोजिम सक्षम रहेको देखिन्छ। त्यस्तो सम्पत्तिको उचित र विवेकपूर्ण रूपमा व्यवस्थापन सञ्चालन गर्ने उक्त संस्थाको दायित्व समेत रहेको छ। परम्परागत ढंगबाट सञ्चालन भई आएको विषयलाई सम्झौताको रूप दिई व्यवस्थित गरिएको पृष्ठभूमिमा सम्झौताको स्वरूप, त्यसमा भएका प्रमुख प्रावधानहरू प्रत्यक्ष रूपमा पहिलो पक्षको हितविपरीत नदेखिएको अवस्थामा रकम र समयावधि किटानी गर्ने जस्ता विषयहरू सम्झौता कार्यान्वयमा गएपछिको अवस्थामा संशोधन परिमार्जन हुन सक्ने अवस्था हुँदाहुँदै उक्त सम्झौता कार्यान्वयनमा आउँदा आउँदैको अवस्थामा सम्झौताको अन्तर्निहीत उद्देश्यलाई नहेरी सम्झौताका उल्लिखित शर्तहरू अनुचित भएको अर्थ गरी विवादित सम्झौता बदर गर्ने गरी पुनरावेदक अख्तियार दुरूपयोग अनुसन्धान आयोगले दिएको आदेशलाई हालको अवस्थामा उचित र मनासिब मान्न नमिल्ने।

इजलास अधिकृतः रमेशप्रसाद रिजाल

इति संवत् २०६८ साल असार २७ गते रोज २ शुभम्

## इजलास नं. २

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६२ सालको दे.पु.नं. ८६०३, करारको दायित्व पूरा गराईपाऊँ, *रविविक्रम शाह वि. हरिप्रसाद दंगाल*

वादीले आफ्नो हक दर्ताको कि.नं. ११४६ को जग्गा बिक्री गरी दिन भनी रजिष्ट्रेशनको महलको ११क नं. तथा अ.बं.७१क नं. बमोजिम यी प्रतिवादीलाई गरी दिएको अधिकृत वारेसनामा कानूनबमोजिम बदर नगराएको र सो वारेसनामा बहाल रहेको अवस्थामा उक्त अधिकृत वारेसनामामा उल्लेख भएअनुसार नै जग्गा बिक्री व्यवहार गरेको देखिएकोले सो कार्यलाई कानून असम्मत्को कार्य भन्न नमिल्नाले अधिकृत वारेसनामा भएपछि वादी एवं प्रतिवादीबीच भएको करारनामामा उल्लिखित बाँकी रकम रू. १७,४५,०००।- करारको दोस्रो पक्षले तिर्नुपर्ने अवस्था देखिए सो बाँकी रकमका सम्बन्धमा दावी लिएको नदेखिँदा सो सम्बन्धमा दावी लिएका बखत करारसम्बन्धी प्रचलित कानूनी व्यवस्थाअनुसार हुन सक्ने नै हुँदा करारनामाअनुसार जग्गा फिर्ता गर्ने दायित्व पूरा गराई पाऊँ भन्ने वादी दावी पुग्न नसक्ने।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल कात्तिक ८ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६२ सालको दे.पु.नं. ८६०४, लिखत दर्ता बदर, *रविविक्रम शाह वि. हरिप्रसाद दंगाल समेत*
- २०६२ सालको दे.पु.नं. ८६०५, लिखत दर्ता बदर, *रविविक्रम शाह वि. हरिप्रसाद दंगाल समेत*
- २०६२ सालको दे.पु.नं. ८६०६, लिखत दर्ता बदर, *रविविक्रम शाह वि. हरिप्रसाद दंगाल समेत*

- २०६२ सालको फौ.पु.नं. ३५६९, जालसाज, *रविविक्रम शाह वि. हरिप्रसाद दंगाल समेत*
- २०६२ सालको फौ.पु.नं.३५७०, जालसाज, *रविविक्रम शाह वि. हरिप्रसाद दंगाल समेत*
- २०६२ सालको फौ.पु.नं. ३५७१, जालसाज, *रविविक्रम शाह वि. हरिप्रसाद दंगाल समेत*
- २०६२ सालको फौ.पु.नं. ३५७२, जालसाज, *रविविक्रम शाह वि. हरिप्रसाद दंगाल समेत*

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६८ सालको रिट नं. WH-००१६, वन्दीप्रत्यक्षीकरण, *प्रकाशकुमार टिबडेवाला वि. गृह मन्त्रालय समेत*

निवेदक कसूरदार ठहरिएको भ्रष्टाचार र विदेशी विनिमय समेतका मुद्दामा जरीवाना नतिरेबापत मिति २०६६।४।१६ मा चार वर्ष कैद ठेकिएकोले उक्त कैद ठेक्ने कार्य मुलुकी ऐन, दण्ड सजायको महलको ३८(२) नं. अनुकूल नै देखिन्छ । निजलाई तोकिएको ४ वर्षको कैदको लगत भ्रष्टाचार मुद्दामा हुन सक्ने कैदको उपल्लो हदभन्दा बढी देखिँदैन । यसरी एकपटक कानूनबमोजिम कैद लगत कसिएकोमा आफूलाई लागेको पूरै जरीवाना नतिरी भ्रष्टाचार मुद्दाको जरीवाना मात्र तिरी सो ऐनमा भएको कैदको उपल्लो हदलाई छल्न तथा विदेशी विनिमय ऐनको उपल्लो हदमा भएको घटी कैदको लाभ लिने दुराशयपूर्ण उद्देश्यबाट निवेदकले प्रस्तुत निवेदन लिई आएको देखिन्छ । एक पटक कानूनसम्मत् तवरले अधिकारप्राप्त निकायका अधिकारीबाट जरीवानाबापत कैदको लगत कसी निवेदक कैदमा बसिरहेको अवस्थामा गैरकानूनी थुनामा बसेको भन्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः विपनादेवी मल्ल

इति संवत् २०६८ साल कात्तिक २० गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४ सालको रिट नं. WO-०९४७, उत्प्रेषणयुक्त परमादेश, *विमला पाण्डे वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकले दावी गरेका जग्गा २०३१।२।१४ को राजपत्रमा प्रकाशित सूचनाअनुसार अधिग्रहण गरिएको भन्ने उक्त मितिको निर्माण तथा यातायात मन्त्रालयको सूचनाबाट देखिएकोले सो सूचना हेर्दा मिति २०३१।२।१४ भन्दा अगावैदेखि अधिग्रहण गरिएको जग्गामा राजमार्ग रहेको भन्ने देखिन आयो । राजमार्गको क्षेत्रभित्र परेका जग्गाको क्षतिपूर्तिका सम्बन्धमा तत्काल बहाल रहेको राजमार्ग निर्माण व्यवस्था ऐन, २०२१ मा के कस्तो व्यवस्था रहेछ भनी त्यसतर्फ हेर्दा उक्त ऐनको दफा ३ मा "सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै निर्माण भैसकेको वा निर्माण हुन लागेको सडकलाई राजमार्ग भनी घोषित गर्न सक्नेछ" भन्ने तथा दफा ४ मा "दफा ३ बमोजिम घोषित राजमार्गमा परेको जग्गाको क्षतिपूर्ति दिइने छैन" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । त्यसरी अधिग्रहण गरिएको निवेदकको जग्गामध्ये दावीको जग्गा राजमार्गमा परेको देखिने अवस्थामा उक्त कानूनी व्यवस्थाअनुसार राजमार्ग क्षेत्रभित्र परेको जग्गाको मुआब्जा पाउनसक्ने अवस्था देखिन आएन । राजमार्गमा परेको जग्गाको मुआब्जा पाउने भए निजले यस अघि दिएको रिटमा यस अदालतबाट मिति २०५७।१।२२ को फैसला हुँदा नै पाइसक्नु पर्नेमा सो फैसलाबाट दिन र पाउन नसकेको मुआब्जा हाल निजले पाउँछ भन्न नमिल्ने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६८ साल मंसिर २५ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री कमलनारायण दास,** २०६४ सालको दे.पु.नं. CI-१०३८, नक्सा संशोधन, *पूर्णबहादुर कठायत समेत वि. राधादेवी श्रेष्ठ*

हक बेहकमा नालिस गर्न अदालत जानु भनी मालपोत कार्यालय मोरङले मिति २०५३।३।२५ मा गरेको निर्णयबमोजिम सोही दिन नै यी प्रत्यर्थी वादीलाई सुनाई दिएको र निजबाट सुनी पाएको कागज गराएको मिसिल संलग्न सो कागजबाट देखिएको छ । आफूले सुनी पाएको सोही मितिले ३५ दिनभित्र वादीले अदालतमा नालिस दिनुपर्नेमा उक्त ३५ दिनको म्याद

नघाई मिति २०५३।५।१० मा मात्र वादीको प्रस्तुत फिराद अदालतमा दायर भएको देखिएबाट मुद्दाको फिराद हदम्याद नाघी दायर भएको देखिँदा हदम्यादको अभावमा फिराद खारेज हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल कात्तिक ६ गते रोज १ शुभम् ।

**इजलास नं. ३**

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको CR-०४३३, ४५३, ४५४, २०६६ सालको CR- ०२१२, जीऊ मास्ने बेच्ने, *रुपबहादुर क्षेत्री वि. नेपाल सरकार, कमल खड्का वि. नेपाल सरकार, सुशील क्षेत्री वि.नेपाल सरकार, नेपाल सरकार वि. सुशील क्षेत्री समेत*

अभियुक्तहरू सुशील क्षेत्री र कमल खड्काले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा कसूर अपराध स्वीकार गरी सहअभियुक्त श्याम भन्ने रुपबहादुर क्षेत्रीलाई समेत पोल गरी बयान गरेको देखिन्छ । यसरी प्रतिवादीहरूको बयान, प्रतिवेदकको व्यहोरा, घटना विवरण तथा पीडितहरूको प्रमाणित बयान एकआपसमा सिलसिलावद्ध भई कसूर अपराधलाई पुष्टि गरेको देखिन्छ । अधिकारप्राप्त अधिकारीसमक्ष भएको प्रतिवादीहरूको बयान पीडित जाहेरवालीहरूको र प्रतिवेदकको भनाइबाट समर्थित र पुष्टि भइरहेको प्रतिवादीहरूले अन्यथा भनी तथ्ययुक्त आधारमा प्रमाणित गर्न नसकेको तथा पीडितले अदालतमा पछि बयान गर्दा अन्यथा भनेको भए पनि त्यसरी स्थापित भइसकेको तथ्य र घटनाक्रम खण्डित हुने अवस्था नदेखिने ।

फौजदारी अपराधमा अभियुक्तले अपराध गरेको हो कि होइन भन्ने वस्तुगत तथ्य र सबूद प्रमाणहरूको आधारमा निर्णय गर्ने कुरा भएकोले अपराधीलाई बचाउ गर्ने नियतले प्रमाणित बयानलाई अन्यथा भनी Hostile भै पीडितले बकपत्र गर्दैमा अपराध छिप्न नसक्ने हुँदा प्रतिवादीहरूले पीडितहरूलाई प्रलोभन, डर त्रास र दवावमा पारी आफ्नो कब्जामा लिई कानूनद्वारा बर्जित कार्यमा संलग्न गराई जीऊ मास्ने बेच्ने (कार्य नियन्त्रण) ऐन, २०४३ को दफा ४ (ग) को कसूर अपराध गरेको पुष्टि हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

इति संवत् २०६७ साल कात्तिक १४ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६६ सालको WO-०९३९, उत्प्रेषण परमादेश, *खुमबहादुर थापा वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं समेत*

अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई अनुसन्धान र तहकीकात गर्ने वा मुद्दा चलाउने भन्ने प्राप्त अधिकारभन्दा बाहिर गई बोलपत्रद्वारा निर्माण कार्यको ठेक्का सम्झौताको लागि आव्हान गरिएका बोलपत्रहरू खोली सम्झौता हुने स्थितिमा पुगेको अवस्थामा ती बोलपत्रहरूको कार्य रद्द गरी पुनः बोलपत्र आव्हान गर्न गरेको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६६।१२।२७ को निर्णय र सो निर्णयका आधारमा मिति २०६७।१२।२९ मा भएको पत्राचार तथा सो पत्राचारबमोजिम भए गरेको कामकारवाही र पुनः मिति २०६७।१।६ मा भएको बोलपत्र आव्हान समेतका कार्यहरू कानूनसम्मत् नदेखिएकोले त्यस्ता कानूनविपरीत भए गरेका निर्णय र कामकारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । यस अदालतबाट मिति २०६७।१।१४ मा भएको अन्तरिम आदेशबाट मिति २०६६।११।१ मा आव्हान भएको बोलपत्रबमोजिम भए गरिएका कामकारवाहीको प्रक्रिया अगाडि बढाउनु भन्ने समेत आदेश भै बोलपत्रबमोजिमको कामकारवाहीको प्रक्रिया नरोकिएको अवस्था र शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय, रोल्पाबाट उक्त मिति २०६६।११।१ मा आव्हान भएको बोलपत्रबमोजिम नै सम्झौता भइसकेको भन्ने लिखित जवाफबाट देखिँदा सो रोक्न नपर्ने भई त्यस्तो सम्झौता नभई बाँकी रहेको भए बोलपत्र मूल्याङ्कन गरी कारवाही प्रक्रिया अगाडि बढाउने कार्य गर्नु भनी परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल फागुन ३० गते रोज २ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- २०६६ सालको WO-०९४०, उत्प्रेषण परमादेश, *मोहनप्रसाद आचार्य वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं समेत*
- २०६६ सालको WO-०९४१, उत्प्रेषण परमादेश, *भाजवीर बूढामगर वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं समेत*
- २०६६ सालको WO-०९४२, उत्प्रेषण परमादेश, *ताराप्रसाद घर्तिमगर वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं समेत*
- २०६६ सालको WO-०९४३, उत्प्रेषण परमादेश, *भाजवीर बूढामगर वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं समेत*
- २०६६ सालको WO-०९४४, उत्प्रेषण परमादेश, *मोहनप्रसाद आचार्य वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं समेत*
- २०६६ सालको WO-०९४५, उत्प्रेषण परमादेश, *अमरसिँह पुन वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं समेत*

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६५ सालको CI-०३०४, नक्सा बदर हक कायम, *मालपोत कार्यालय, विराटनगर, मोरङ्ग वि. शालिग्राम पराजुली समेत*

व्यक्तिको नाममा दर्ता स्रेस्ता कायम रहेको सरकारका नाममा ल्याउन कुनै कानूनी प्रक्रिया नै नभए नगरेको व्यक्तिगत सम्पत्तिको जग्गामा अधिग्रहण वा मुआब्जा बिना नै नक्सा तयार पारेको कार्यलाई न्यायसंगत मान्न मिल्दैन। त्यसमा पनि सार्वजनिक कुलो पैनी कायम रहेको भए वादीहरू बाहेकका त्यस क्षेत्र वरपर चारैतिरका उपभोक्ताहरूले संरक्षण गरी प्रयोग गर्न तत्परता देखाउनु पर्नेमा सो गरेको अवस्था समेत छैन र यस्तो नहुनुको पछाडि सो जग्गा कुनै सार्वजनिक कुलो पैनीको जग्गा नभएको र कुलो पैनी समेत नरहेको स्पष्ट हुन्छ। तसर्थ वादीहरूको हक भोगमा रहेको न.नं. ८ र (ख) ३ को जग्गा समेतका साविक नक्सा स्रेस्ताअनुसार कायम गरी पछि भएको नक्सामा अन्यथा गरेको नक्सा सो हदसम्म बदर गरी वादीहरूको हक कायम हुने।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः भवानी ढुगाना
इति संवत् २०६७ साल माघ २ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको WO-०३०६, उत्प्रेषणयुक्त परमादेश, *रत्नबहादुर थापा क्षेत्री वि. भूमिसुधार अधिकारी, भूमिसुधार कार्यालय, भक्तपुर समेत*

मोहीले विवादित जग्गा बाँडफाँड गर्नका लागि भूमिसुधार कार्यालयमा जे जस्तो प्रकारले बाँडफाँड गरिपाउन निवेदन माग गरे पनि जो बुझ्नु आवश्यक हो सो बुझी दुबै पक्षलाई मर्का नपर्ने गरी बाँडफाँड गर्न सर्जमीन गराई प्राप्त प्रतिवेदनको आधारमा जग्गाको वास्तविक भौतिक प्रकृति बुझी प्रमाणको मूल्याङ्कन गरी नरम गरम मिलाई भूमिसम्बन्धी ऐन, २०२१ को उद्देश्य, भावना र मर्मअनुरूप भूमिसुधार अधिकारीले मोही र जग्गाधनीलाई आधा-आधा हुने गरी मिति २०६४।५।६ मा बाँडफाँड गर्ने गरी गरेको निर्णयउपर तथ्यको प्रश्नमा प्रवेश गरी रिटक्षेत्रबाट हस्तक्षेप गर्न नमिल्ने।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६७ साल फागुन ३० गते रोज २ शुभम्।

- यसै प्रकृतिको २०६४ सालको WO-०३१२, उत्प्रेषणयुक्त परमादेश, *नेमबहादुर थापा समेत वि. भूमिसुधार कार्यालय, भक्तपुर समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-WO-१०८८, उत्प्रेषण परमादेश समेत, *भीमबहादुर राई वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

कानून बनाई अन्यथा व्यवस्था गरेमा बाहेक नागरिकले आफ्नो सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने हक निर्विवाद रूपमा उपभोग गर्न पाउने देखिन्छ । केवल सार्वजनिक हितको लागिसम्म यस्तो अधिकारमा केही नियन्त्रण गर्न सक्ने देखिन्छ । प्रस्तुत निवेदनको विषयमा यी निवेदकको सम्पत्ति २०३६ सालमा वनको वैज्ञानिक व्यवस्थापन, बसोबास व्यवस्थापन गर्न भनी सरकारले रोक्का राखे पनि जग्गा रोक्का भएको झण्डै ३०।३२ वर्षसम्म पनि रोक्का फुकुवा पनि नगरेको र वनको वैज्ञानिक व्यवस्थापन एवं अव्यवस्थित बसोबास व्यवस्थित गर्नेसम्बन्धी कार्ययोजना बनाई कुनै काम भइरहेको छ वा गरी राखेको छ भनी भन्न सकेको अवस्था पनि मिसिलबाट देखिँदैन । यस्तो अवस्थामा बिना कारण र प्रयोजन नागरिकको सम्पत्ति अनन्तकालसम्म रोक्का राख्ने गरेको कार्यलाई संविधान एवं कानूनसम्मत् मान्न नसकिने ।

निवेदकको जग्गा विपक्षीहरूबाट रोक्का राख्ने गरी भएको कार्यबाट निवेदकको सम्पत्तिसम्बन्धी अधिकारमा आघात पुगेको देखिँदा निवेदन मागबमोजिम तत्कालीन वन डिभिजन कार्यालयको हाल जिल्ला वन कार्यालय झापाको च.नं. १३७ मिति २०३६।४।९ को पत्र, मालपोत विभागको मिति २०५५।३।१४ को निर्देशन समेतको आधारमा निवेदकको मागबमोजिम जग्गा रोक्का राख्ने गरी भएको मालपोत कार्यालय इलामको मिति २०५७।२।१५ को निर्णय तथा तत्सम्बन्धी कामकारवाही उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । निवेदन मागबमोजिमको साविक मोरङ्ग जिल्ला बाँझो गा.वि.स. (हाल इलाम जिल्ला चुलाचुली गा.वि.स.) वडा नं. ९(न) कि.नं. ६ क्षेत्रफल २५-१२-२ ऐ. वडा नं. ९(त) कि.नं. ४ को क्षेत्रफल २२-१४-१ ऐ. वडा नं. ९(थ) कि.नं. ९ क्षेत्रफल ४८-१-० समेत ३ कित्ता जग्गाको रोक्का फुकुवा गरी दिनु भनी विपक्षी मालपोत कार्यालय, इलामको नाममा परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल कात्तिक २ गते रोज ४ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन् :

- २०६६-WO-०१६४, उत्प्रेषण परमादेश समेत, *फिपरानी लावती लिम्बू वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६६-WO-०१६५, उत्प्रेषण परमादेश समेत, *धनबहादुर राई वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६६-WO-०४७६, उत्प्रेषण परमादेश समेत, *तिलकबहादुर माङमो लिम्बू वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६६-WO-१०८७, उत्प्रेषण परमादेश समेत, *टेकबहादुर श्रेष्ठ वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६६-WO-१०८९, उत्प्रेषण परमादेश समेत, *सनप्रसाद केरुङ्ग वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०६६-WO-१०९०, उत्प्रेषण परमादेश समेत, *गंगामान राई वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** ०६४-WO-०१६६, उत्प्रेषण समेत, *वेदप्रकाश उप्रेती वि. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय समेत*

निवेदकको चालक अनुमतिपत्रको नवीकरण भइरहेको भन्ने विपक्षीतर्फबाट प्राप्त सूचीबाट समेत देखिएको भई निवेदकले आफ्नो सेवा सुचारू गर्न नपाएको र हक अधिकार उपभोग गर्न नपाएको भन्ने अवस्था नदेखिँदा निवेदकले दावी लिएको वायुसेवा चालक अनुमतिपत्र नवीकरण भैसकेको र निवेदकहरूले आफ्नो सेवा सुचारू गर्न पाएको अवस्था विद्यमान भएको देखिँदा समेत निवेदकले मागबमोजिमको आदेश जारी गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल साउन १५ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५-WO-१०४६, उत्प्रेषण परमादेश समेत, *शुभद्राकुमारी रेग्मी वि. वातावरण, विज्ञान प्रविधि मन्त्रालय समेत*

असाधारण बिदा थपको लागि निवेदन परेकोमा विवाद नदेखिएको र माग गरेको बिदा अस्वीकृत भएको रीतपूर्वकको जानकारी निवेदकलाई दिएको पनि नदेखिएको अवस्थामा असाधारण बिदाको कारवाहीका लागि पेश भएकोमा एकैचोटी अवकाशसम्बन्धी कारवाही गरी सहायक कर्मचारीलाई सजाय गर्ने अधिकार नभएको क्षेत्राधिकारविहीन वातावरण विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव स्तरबाट निवेदकलाई अवकाश दिनेसम्बन्धी २०६५।१२।३० को निर्णय च.नं. १२३५ मिति २०६६।१।६ को वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको पत्र समेत त्रुटिपूर्ण हुँदा उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ। अब निवेदिकालाई साविक पदमा काम गर्न दिनु भनी विपक्षीहरूका नाममा परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ साल मंसिर ४ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६-WO-०४२३, परमादेश समेत, *अशोककुमार अग्रवाल वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

लामो समयसम्म निवेदक सेवामा अनुपस्थित रहेको भए पनि सेवासम्बन्धी प्रचलित कानूनी प्रक्रिया पूरा गरी निवेदकको सेवाको अवस्था के छ सो सम्बन्धमा आवश्यक निर्णय गरी दिनुपर्ने विपक्षीहरूको कर्तव्य हुन्छ। तर त्यसो गरेको देखिएन, निवेदकले माग गरेको हाजिर गरिपाऊँ भन्ने प्रश्न पनि निरूपण नगरी राख्न नमिल्नेमा त्यसको निरूपण पनि गरेको देखिएन। अर्थात् निजलाई हाजिर गराउन मिल्ने नमिल्ने के हो, निजको सेवाको अद्यावधिक अवस्था के छ सो सम्बन्धमा समेत कानूनबमोजिम जो जे गर्नुपर्ने हो गरी कारवाही टुंगो लगाएको नदेखिँदा निवेदकको हकमा सेवासम्बन्धी कानूनबमोजिम सेवाको अद्यावधिक अवस्था दर्साई बहालमा रहे वा नरहेको के हो भन्ने सम्बन्धमा समेत यकीन निर्णय गरी निवेदकको हाजिर गराई पाऊँ भन्ने मागको सम्बन्धमा समेत कानूनबमोजिम निर्णय गरिदिनु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः विश्वराज पोखरेल
संवत् २०६८ साल मंसिर ४ गते रोज १ शुभम् ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कमलनारायण दास,** २०६७ सालको फौजदारी साधक नं. RC-०१०१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. ऐनबहादुर बोहरा*

प्रतिवादीले मृतकलाई मारेको भन्ने कुरा मौकामा कागज गरी अदालतमा उपस्थित भई बकपत्र गर्ने व्यक्तिको भनाई, लास जाँच प्रतिवेदन, प्रतिवादीको मौकामा र अदालतसमक्ष भएको बयान समेतबाट समर्थित एवं प्रमाणित भएको पाइँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम कसूर अपराध गरेको ठहऱ्याई सोही नं बमोजिम सर्वश्वसहित जन्मकैद गर्ने गरेको पुनरावेदन अदालतको फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

प्रतिवादीले घरायसी विवादको कारण पहिलेदेखि नै रिस उठी आमालाई बञ्चरोको बिँडले प्रहार गरेको भनी बयान गरेको देखिन्छ। निजले आमासँग विवाद भई तत्काल रिस उठी प्रहार गरेको पनि नदेखिएको, टाउको जस्तो संवेदनशील अंगमा बञ्चरोको बिँडले प्रहार गर्दा मानिस मर्न सक्छ भन्ने सामान्य मानिसको स्तरबाट सोच्न पर्ने कुरालाई बेवास्ता गरी घातक प्रहार गरी सोही चोटको कारण मृतकको मृत्यु भएको देखिँदा यस्तो अवस्थामा प्रतिवादीको सजायलाई घटाउन मनासिब नहुने हुँदा पुनरावेदन अदलतबाट प्रतिवादीलाई १० दश वर्ष कैद गर्ने गरी अ.वं. १८८ नं. बमोजिम व्यक्त रायसँग सहमत हुन नसकिने ।

इजलास अधिकृतः नारयणप्रसाद पराजुली
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ साल कात्तिक ४ गते रोज ६ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री सुशीला कार्की,** फौजदारी पुनरावेदन नं. ०६४-CR-०६३७,

ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. राजीनन सहनी समेत*

ज्यान मार्ने उद्योगमा प्रतिवादीको पीडितको ज्यान मार्ने मनसाय थियो वा थिएन भन्ने कुरा पीडितउपरको प्रहारको पद्धति र हतियार प्रयोग गरिएको भए सो हतियारको प्रकृति र त्यसको प्रयोगको अवस्थाबाट पहिचान गर्न सकिने ।

बन्दूकबाट गोली फायर गर्न लागेको पीडकलाई सो फायर गर्न रोक्न नसक्ने अवस्थामा सो गोलीलाई छल्नु बाहेक त्यसबाट बच्न अन्य हस्तक्षेपको विकल्प रहन सक्ने अवस्था नरहने हुँदा ताकेर गोली फायर गरेको अवस्थामा मृत्यु नभएकै कारण पीडकले पीडितलाई मार्ने मनसाय राखेको थिएन भन्नु न्यायसंगत र तर्कपूर्ण नहुने ।

प्रतिवादीहरू राजीनन सहनी र उपेन्द्र महतो कोइरीले जाहेरवालालाई गोली हानी घाइते बनाएको भन्ने तथ्य पुष्टि भइसकेको स्थितिमा तेस्रो पक्षको उपस्थिति नदेखिएको वा प्रतिवादीहरूको आपराधिक नियतको पुष्ट्याई गर्ने थप प्रमाण फेला नपरेको भन्ने आधारमा गोली हान्ने राजीनन सहनी र उपेन्द्र महतोलाई बेकसूर ठहर गर्नु कानूनसँगत हुँदैन । उपेन्द्र महतो कोइरी र राजीनन सहनीले योजनावद्ध ढंगले जाहेरवाला रामविलासप्रसाद कुशवाहलाई बन्दुक फायर गरी ज्यान मार्ने उद्योग गरेको देखिन्छ । यस घटनालाई कुटपीटको वारदातको रूपमा हेर्न मिल्ने वा कुटपीटतर्फ परिणत गर्न नमिल्ने हुँदा फरार रहेका प्रतिवादी रामएकवाल रायको हकमा अ.बं. १९० नं बमोजिम मुलतवी राख्ने तथा प्रत्यर्थी प्रतिवादीहरू उपेन्द्र महतो र राजीनन सहनीले ज्यान मार्ने उद्योगको कसूर गरेको हुँदा अभियोग दावीबमोजिम ज्यान मार्ने उद्योगको कसूरमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम जनही कैद वर्ष ५ (पाँच) हुने । ज्यान मार्ने उद्योगको कसूरमा संलग्न नदेखिएका प्रतिवादीहरू विगन साह तेली र लालबाबु राय यादवलाई सफाइ हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल जेठ ३१ गते रोज ३ शुभम् ।

- यसै लगाउको फौजदारी पुनरावेदन नं. ०६६-CR-०५४०, हातहतियार खर खजाना, *उपेन्द्र महतो वि.नेपाल सरकार* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-CI-०५०७, निर्णय बदर, *भगवतीकुमार काफ्ले वि. विष्णुदेवी राजभण्डारी समेत*

अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५(ग) मा आयोगले उक्त ऐनअन्तर्गत कारवाही गरी कसैलाई जरीवाना वा कुनै रकम असूलउपर गर्न भनी दिएको आदेश वा अन्य कुनै आदेशउपर पुनरावेदन गर्न सकिने व्यवस्था रहेको पाइन्छ । प्रस्तुत मुद्दामा विवादित कि.नं. १०७ को जग्गाको हकको स्रोत प्रत्यर्थीहरूबाट पेश भएको छैन । अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएको निर्णय प्रक्रियामा प्रत्यर्थीहरूको कुनै संलग्नता वा सरोकार रहेको पाइँदैन । आयोगबाट भएको मिति २०६४।३।३ को निर्णयबाट यी प्रत्यर्थीहरूको कुनै हकहित प्रभावित भएको देखिएको छैन । तसर्थ यस्तो अवस्थामा प्रत्यर्थीहरूले विशेष अदालतमा पुनरावेदन गर्न नपर्नेमा पनि पुनरावेदन लिई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६४।३।३ निर्णय बदर गर्ने गरेको विशेष अदालतको फैसला अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५(ग) समेतको प्रतिकूल देखिएकाले विशेष अदालतको मिति २०६६।१।३ को फैसला कार्यान्वयनयोग्य नभएकाले कायम रहन नसक्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल मंसिर ६ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०६६-CI-०७०५, ७६६, निषेधाज्ञा, *भगवतीकुमार काफ्ले वि. तीर्थराज ढकाल, गणेश राई समेत वि. तीर्थराज ढकाल* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-CR-०६००, भ्रष्टाचार, *बुद्धिकृष्ण श्रेष्ठ वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले राष्ट्रसेवकको ओहोदामा प्रवेश गर्दा पेश गरेको शैक्षिक प्रमाणपत्र

सद्दे नभएको भनी सम्बन्धित निकायबाट नै अन्तिम पटक आधिकारिक रूपमा लेखिआएको स्थितिमा बिहार संस्कृत शिक्षा बोर्ड, पटनाबाट मध्यमा परीक्षा उत्तीर्ण गरेको भनी पुनरावेदक प्रतिवादीले पेश गरेको शैक्षिक प्रमाणपत्र सद्दे नभई झूट्टा भएको प्रमाणित भएकाले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसूर गरेको देखिँदा सोही ऐनको दफा १२ र २९(२) बमोजिम रू. ५००।- जरीवाना हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल मंसिर ६ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-WO-०५५४, उत्प्रेषण परमादेश, *अशोक पोडे वि. गृह मन्त्रालय समेत*

सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २१(ग) मा कुनै सशस्त्र प्रहरीलाई विभागीय सजाय गर्दा सफाइको मौका दिन मनासिब नपर्ने अवस्था देखाई व्यहोरा खोली सजाय गर्ने अधिकारीले पर्चा खडा गर्नसक्ने व्यवस्था रहेको छ । यी निवेदकलाई सेवाबाट हटाउने कारवाही गर्दा उक्त ऐनको दफा २१(ग) बमोजिम सफाइको मौका दिनु नपर्ने भनी पर्चा खडा गरी अधिकारप्राप्त अधिकारीबाट निर्णय भै सोउपर रिट निवेदकले गरेको पुनरावेदन उजूरी समेत सुनी निवेदकलाई सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ८४ को उपनियम (ख) को खण्ड १ बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहर्ने गरी मिति २०६५।१।१९ देखि लागू हुने गरी सेवा नोकरीबाट हटाउने गरी सशस्त्र प्रहरी बल बाघभैरव गुल्मको मिति २०६५।२।३ को निर्णय र सो निर्णय सदर गर्ने गरी उपत्यका सशस्त्र प्रहरी बल मुख्यालय पशुपतिनाथ बाहिनीबाट भएको मिति २०६६।८।३० को निर्णय मिलेकै देखिने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ मंसिर ५ गते रोज २ शुभम् ।

- यसै प्रकृतिको ०६६-WO-०५५०, परमादेश, *महेन्द्रकुमार थापा वि. सशस्त्र प्रहरी बल, गुहेश्वरी गण, दुवाकोट समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-WO-०९१२, उत्प्रेषण परमादेश, *शालिग्राम सिँह वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल समेत*

यिनै निवेदक सरकारी सेवामा प्रवेश गर्नु अगावै मिति २०५२।५।३० मा नेपाल इञ्जिनियर्स एशोसिएशनको कार्यकारीणी परिषद्को सदस्यमा निर्वाचत भई सोही एशोसियशनको उपाध्यक्ष पदमा रहेकोमा विवाद देखिँदैन । निवेदकले पेश गरेको उपर्युक्त कागजबाट यी रिट निवेदकले सन् १९९४ अर्थात् २०५०/२०५१ मा इञ्जिनियरिङ्ग उपाधि हासिल गरेदेखि नै सोही पेशा व्यवसाय गरी मिति २०६७।३।१५ मा नेपाल इञ्जिनियरिङ्ग परिषद्को अध्यक्षमा नियुक्त हुँदाका मितिसम्ममा १५ वर्षको व्यावसायिक अनुभवको योग्यता प्राप्त गरिसकेको देखिन्छ । व्यावसायिक अनुभवमा केवल सरकारी सेवा मात्र जोडिने कानूनी प्रावधान छैन । नेपाल इञ्जिनियरिङ्ग परिषद् ऐन, २०५५ को दफा ५(१)(क) मा परिषद्को अध्यक्ष पदमा नियुक्त हुनका लागि इञ्जिनियरिङ्ग विषयमा स्नातकोपाधि प्राप्त गरी कम्तीमा १५ वर्ष इञ्जिनियरिङ्ग व्यवसायमा अनुभव प्राप्त गरेको हुनुपर्ने भनी परिषद्को अध्यक्षको योग्यता निर्धारित भएको देखियो । यी निवेदकले मिति २०६७।३।१५ मा उक्त ऐनको दफा ५(१)(क) बमोजिमको व्यावसायिक अनुभव प्राप्त गरिसकेको अवस्थामा नेपाल सरकार, भौतिक योजना तथा निर्माण मन्त्रालयको मिति २०६७।३।१५ गतेको निर्णयानुसार नेपाल इञ्जिनियरिङ्ग परिषद्को अध्यक्ष पदमा निवेदकलाई मनोनीत गरिएको कार्य कानूनसम्मत् नै देखियो । उपर्युक्त अवस्थामा निवेदकले नियुक्ति रद्द गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखी पठाउने भनी विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६७।१२।३ को निर्णय उल्लिखित ऐनको प्रतिकूल देखिने ।

निवेदकले भरेको व्यक्तिगत विवरणमा कुनै कुरा अस्पष्ट भएको वा सो विवरणबाट निज अयोग्य रहेको भए सो विषयमा निजलाई आफ्नो कुरा राख्ने

मौका दिई निजले दिएका आधार प्रमाणमा थप अनुसन्धान गरी प्रत्यर्थी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निष्कर्ष निकालेको मिसिल फायलबाट देखिएन । जुन व्यक्ति मिति २०५२।५।३० मा इञ्जिनियरिङ्ग एशोसियशनको कार्यकारीणी परिषद्को सदस्य निर्वाचित नै भइसकेको छ, उसको व्यावसायिक अनुभव मिति २०५२।१२।८ देखि मात्र गणना हुने भन्ने न्यायसंगत् हुँदैन । इञ्जिनियरहरूले व्यावसायिकताको प्रतिनिधित्व गर्ने संस्थाको सदस्य निर्वाचित हुनुपूर्व नै निज व्यावसायिक रूपमा इञ्जिनियरका रूपमा कार्यरत् रहेको मान्नुपर्ने यथेष्ट आधार हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: सरस्वती पौडेल

इति संवत् २०६८ साल मंसिर ५ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-WO-०२०७, परमादेश, *हिरालाल भोलन समेत वि.गृह मन्त्रालय समेत*

रिट निवेदकहरूले आफू संलग्न रहेको विज्ञापनमा उत्तीर्ण भै सिफारिश भएका कुनै पनि उम्मेद्वारहरूले नियुक्ति पत्र नै नलिएको वा अन्य कुनै कारणले सो विज्ञापनबमोजिमको पदहरू रिक्त रहेको भनी दावी लिन सकेको पाइँदैन । वैकल्पिक सूचीमा रहेका व्यक्तिहरू सोही विज्ञापनअनुसारको पद रिक्त रहेको अवस्थामा मात्र नियुक्तिको लागि योग्य हुने र सो विज्ञापनमा उल्लिखित पदहरूको अतिरिक्त रिक्त रहेका अन्य पदहरूमा पनि वैकल्पिक उम्मेद्वारहरूले नियुक्ति पाउन सक्ने भनी अर्थ गर्न मिल्ने हुँदैन । यस्तो अवस्थामा एक वर्षभित्र जुनसुकै व्यहोराले रिक्त हुन आउने पदमा नियुक्ति पाउने कानूनी हक भनी दावी गरेका निवेदकहरूको दावी कानूनसम्मत् नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: सरस्वती पौडेल

इति संवत् २०६८ साल मंसिर ५ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** ०६५-CR-०३१३, नकबजनी चोरी, *नेपाल सरकार वि. आशिष गुरुङ समेत*

जाहेरवालाले जाहेरी दरखास्तमा रू. १,६३,२५०।- बराबरको धनमाल चोरी भएको भनी जाहेरी दिएको भए पनि प्रतिवादीहरूको साथबाट उक्त बिगोबमोजिमको धनमाल बरामद नभई रू. ६१,०५९।- को धनमाल मात्र बरामद भएको भन्ने कुरामा विवाद छैन । बरामद भएको बिगो भन्दा बढी दावीबमोजिमको अरू बिगोको हकमा कुनै प्रमाण वादी तर्फबाट पेश भएको नपाइएकोले प्रतिवादीहरूबाट बरामद नै नभएको मालसामानको पनि बिगो कायम गरी सजाय गर्न न्याय र कानूनसंगत नहुने ।

प्रतिवादी गजेन्द्र चन्द र शंकर आले आफैंले चोरी गरेको हार बेच्न गएको भन्ने नभै चोरी गर्ने आशिष गुरुङको साथमा गई राजु जैसवालले चोरीको हार किन्ने उद्देश्यले आफूसँग राखेको भन्ने प्रतिवादीहरूले मौकामा गरेको कागजबाट देखिन्छ । प्रतिवादीहरू गजेन्द्र चन्द, शंकर आले र राजु जैसवाल चोरी गर्ने कार्यमा मतियार रहेको भन्ने पनि देखिएको छैन । यस्तो अवस्थामा निज प्रतिवादीहरूलाई चोरीको महलको २४ नं. बमोजिम सजाय हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: सरस्वती पौडेल

इति संवत् २०६८ साल मंसिर ४ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** ०६४-WO-०४५९, उत्प्रेषणयुक्त परमादेश, *तारादेवी बस्याल समेत वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

निवेदिकाहरूले पिता उमाकान्त लम्सालले भोजराज न्यौपानेबाट मिति २०२४।१।२१ मा रजिष्ट्रेशन पारीत गरी लिएको भनी दावी गरिएको जग्गा नेपाली सेना, खड्ग दल गुल्मका राशन ठेकेदार दानप्रसाद श्रेष्ठलाई २०२५।१०।१ मा जेथा जमानतमा दिएको र निज ठेकेदारले सरकारलाई तिर्न बुझाउन बाँकी रकममा लिलाम बढाबढ गराउँदा कसैले सकार नगरेकोले २०२८ सालको सर्भे नापीमा उक्त जग्गा नेपाल सरकारको नाउँमा दर्ता भएको अवस्थामा निवेदिकाहरूका बाबु उमाकान्त लम्सालको नाउँमा रहेको दाङ जिल्ला, साविक नारायणपुर गाउँ पञ्चायत वडा नं. ३ चरबगिया मौजाको ६-८-१९ जग्गा

कानूनबमोजिम नेपाल सरकारको नाउँमा दर्ता भएको र सोउपर कसैको उजूरी नपरी सो दर्ता कानूनसम्मत् रूपले कायम रही रहेकोले यी निवेदिकाहरूको नाउँमा दर्ता दा.खा. नामसारी गर्न नमिल्ने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल पुस १७ गते रोज १ शुभम् ।

९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** ०६४-WO-०५३७, उत्प्रेषणयुक्त परमादेश, *रामसिकिल चौधरी वि. कृषि तथा सहकारी मन्त्रालय समेत*

साझा यातायातका कर्मचारीहरूको सेवाका शर्त र सुविधासम्बन्धी विनियमावली, २०५७ ले दिएको अधिकार प्रयोग गरी उक्त संस्थाको सञ्चालक समितिले बनाएको नियम कानून हो वा होइन भन्ने सम्बन्धमा निवेदक होमनाथ शर्मा समेत विरूद्ध श्रम तथा यातायात मन्त्रालय समेत भएको उत्प्रेषण समेतको रिट निवेदनमा यस अदालतको पूर्ण इजलासबाट "ऐनबमोजिमको अधिकारप्राप्त गरी बनाइएको नियम र नियमको अधिकार प्रयोग गरी बनाएको विनियमलाई कानूनको रूपमा मान्नुपर्ने" (*नेकाप.*, २०६२ निर्णय नं. ७६०२, अङ्क १०, पृष्ठ संख्या ११७४) भनी सिद्धान्त प्रतिपादन भैसकेको देखिन आउँछ । पूर्ण इजलासबाट विनियमावलीबमोजिम बनाइएको नियमावलीलाई कानूनको संज्ञा दिन सकिने व्याख्या गरी सिद्धान्त प्रतिपादन भैसकेको अवस्थामा उस्तै प्रकृतिको नियमावलीलाई अर्को मुद्दाको रोहमा कानून होइन भन्न मिल्ने हुँदैन । यसर्थ उल्लिखित मुद्दामा प्रतिपादित सिद्धान्त समेतको आधारमा विपक्षी साझा भण्डार सहकारी संस्था लिमिटेडको सञ्चालक समितिले बनाएको नियमावलीलाई नेपाल कानून नै मान्नुपर्ने हुँदा उक्त नियमावलीअन्तर्गत भए गरेको कामकारवाहीको सम्बन्धमा यस अदालतको असाधारण अधिकारक्षेत्र आकर्षित हुने ।

रिट निवेदकले विपक्षी साझा भण्डार सहकारी संस्था लिमिटेडको कामदार प्रशासन नियमावली, २०५६ बमोजिम बर्खास्त गरिएकोमा सोही नियमावलीको परिच्छेद् ७ को दफा ७३(२), ७२(३) समेतले प्रदान गरेको हक उल्लंघन गरेको भनी दावी गरेको देखिन्छ । सो नियमावलीलाई निवेदकले अन्यथा भन्न सकेको अवस्था छैन । सोही नियमावलीको नियम ५(१)(ख)४ मा तीन महिना वा सो भन्दा बढी अवधिसम्म लगातार गैरहाजिर हुने कर्मचारीलाई अधिकारप्राप्त अधिकारीले कुनै कारवाही बिना नै गयल खारेज गरी नोकरीबाट बर्खास्त गर्नसक्ने व्यवस्थाबमोजिम नै निवेदकलाई बर्खास्त गरिएको कानूनविपरीत भन्न नमिल्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल भदौ ६ गते रोज ३ शुभम् ।

१०

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** पुनरावेदन नं. ०६६-CR-०८७९, ००९३, कर्तव्य ज्यान, *चन्द्रमान राई वि. नेपाल सरकार, नेपाल सरकार वि. चन्द्रमान राई*

मृतक र प्रतिवादी दुबैले भैंसीको मासु लिन गएको र सँगै फर्केको भन्ने तथ्य पनि मिसिलबाट देखिन आउँछ । मृतक र प्रतिवादीबीच मार्नै पर्नेसम्मको पूर्व रिसइवी वा शत्रुता रहेको भन्ने अभियोजन पक्षले दाखिला गरेको प्रमाणबाट देखिन आएको छैन । घटना जाँड खान र रेडियो लिन प्रतिवादी समेत भै मृतकको घरतर्फ जाने क्रममा भएको सामान्य विवादलाई लिएर भएको भन्ने मिसिलबाट देखिन आउँछ । मृतक र प्रतिवादी दुबैबीच भएको झगडाको आवेशमा मृतकउपर प्रतिवादीले लाठी प्रहार गरेको अवस्था छ । यस सम्बन्धमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. को व्यवस्था हेर्दा "ज्यान मार्नको मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ, लुकी चोरीकन हानेको पनि रहेनछ, उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादि हान्दा सोही चोट पीरले ऐनका म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ" भन्ने उल्लेख भएको देखिन्छ । प्रस्तुत मुद्दामा पनि पूर्व रिसइवी र मार्ने योजना बेगर मृतकउपर तत्काल उठेको रिसले प्रतिवादीले लट्ठी जस्तो दाउराले हिर्काएको भन्ने

मिसिलबाट देखिन्छ, जुन क्रिया मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. भित्र पर्ने ।
इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६७ साल साउन २५ गते रोज ४ शुभम् ।

११

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. ०६३-WO-१२१४, उत्प्रेषणयुक्त परमादेश, *चण्डीराज ढकाल वि.लीलाराज खड्का समेत*

रत्न फिड इण्डष्ट्रिज प्रा.लि. को अधिकारप्राप्त प्रवन्ध निर्देशक हिम्मत श्रेष्ठ विरूद्ध श्रम अदालत समेत भएको उत्प्रेषणको रिट निवेदनमा यस अदालतबाट प्रतिपादन भएको र"श्रम ऐन, २०४८ को दफा ५३ बमोजिम व्यवस्थापकले गर्ने कुनै पनि कर्मचारीलाई आचरण उल्लंघन गरेबापत गरिने कारवाहीको सिलसिलामा पूरा गरिने कार्यविधिलाई टुक्राई भिन्दाभिन्दै व्यक्तिबाट प्रयोग गर्न सक्ने भन्ने कानूनको मनसाय भए रहेको नदेखिने । कानूनले जुन व्यक्तिलाई अन्तिम निर्णय अर्थात् सजाय गर्न अधिकार प्रदान गरेको हुन्छ, उसैमा मात्र सजायको प्रस्थान विन्दुको रूपमा रहेको स्पष्टीकरण माग्ने अधिकार पनि निहीत हुन्छ । सजाय गर्ने अख्तियारप्राप्त व्यक्तिले आफूमा रहेको स्पष्टीकरण माग्ने अधिकार मात्र प्रत्यायोजन गरी कारवाही गर्ने अधिकार आफैंमा राखी गरेको प्रत्यायोजनलाई कानूनबमोजिम अधिकार प्रत्यायोजन भएको मान्न नमिल्ने" (*नेकाप.*, २०६८ नि.नं. ८६११, अङ्क ५, पृष्ठ ७७४-७७५) सिद्धान्तको परिप्रेक्ष्यमा हेर्दा विपक्षी लीलाराज खड्कालाई निवेदक कम्पनीका दुई अलग-अलग हैसियतका पदाधिकारीले अवकाशको कारवाही विभाजित रूपमा प्रयोग गरेको कुरा सेवाबाट अवकाश दिने कारवाहीको शुरूवात प्रशासकीय अधिकृतबाट भएको र निज प्रशासकीय अधिकृतले नै विपक्षी लीलारजलाई सन् १०।९।२००२ मा स्पष्टिकरण सोधेको र सोही स्पष्टीकरण सन्तोषजनक नभएको भनी निवेदक कम्पनीको महाप्रवन्धकले निजलाई सन् २२।१०।२००२ देखि लागू हुने अवकाश दिएको देखिन्छ । यस्तो अवस्थामा विपक्षी लीलाराजलाई अवकाश दिने निर्णय उल्लिखित सिद्धान्तको विपरीत भए गरेको देखिएकोले निवेदक कम्पनीको यस्तो गैरकानूनी निर्णय बदर गर्ने गरेको श्रम अदालत, काठमाडौंको निर्णय कानूनविपरीत नदेखिने ।

कामदार तथा कर्मचारी कसैलाई पारिश्रमिक अर्थात् तलव मात्र र कसैलाई सो तलवसहित श्रम ऐन, २०४८ को दफा २१(३) अनुसार तोकिएको भत्ता र अन्य सुविधा समेत जोडी अलग-अलग प्रदान गर्न मिल्ने भन्ने न्यायिक अनुमान हुन सक्तैन । काम गरेबापतको तलव र प्रचलित श्रम ऐनमा भएका व्यवस्थाअनुसार नियमित रूपमा भुक्तानी हुने कुनै भत्ता तथा अन्य सुविधा निर्धारण गरिएको भए ती सबै भत्ता तथा सुविधा पनि पारिश्रमिक वा तलव दिँदाकै अवस्थामा दिइने हुँदा यसरी श्रम ऐनमा नै गरिएको कानूनी व्यवस्थाको प्रक्रिया पुऱ्याई निर्धारण गरिएको भत्ता (जस्तो महंगी भत्ता) तथा यस्तै प्रकृतिको सुविधाको रकमलाई पारिश्रमिकभित्र नपर्ने भनी अलग गर्न नमिल्ने ।
इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६८ साल भदौ ६ गते रोज ३ शुभम् ।

१२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. ०६३-WO-०६६८, उत्प्रेषण समेत, *प्ल्हाद नेउपाने वि. प्रहरी महानिरीक्षक ओमविक्रम राणा, प्रहरी प्रधान कार्यालय समेत*

निवेदकलाई भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहर्ने गरी सेवाबाट हटाउने प्रहरी नायब महानिरीक्षकको हैसियतले मिति २०५८।६।२६ मा निर्णय गर्ने ओमबिक्रम राणाले नै मिति २०६३।१०।१ मा प्रहरी महानिरीक्षकको हैसियतले सो निर्णयलाई सदर गर्ने गरी गरेको निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत रहेको देखिँदा सो मिति २०६३।१०।१ को निर्णय र सोसँग सम्बन्धित अन्य कामकारवाहीलाई उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब यी रिट निवेदकले दिएको पुनरावेदनमा कानूनबमोजिम पुनः निर्णय गर्नु भनी विपक्षी प्रहरी प्रधान कार्यालयका नाममा परमादेशको आदेश जारी हुने ।
इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६८ साल मंसिर २७ गते रोज ३ शुभम् ।

१३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** रिट नं. ०६४-WO-०७१७, उत्प्रेषणमिश्रित परमादेश, *ओमप्रकाश साह वि. शिक्षा तथा खेलकुद मन्त्रालय, विद्यालय प्रशासन शाखा, केशरमहल, काठमाडौं समेत*

विद्यालयमा लामो समयसम्म पटक-पटक आफूखुशी अनुपस्थित हुने, विद्यार्थीहरूको शिक्षा पाउने अधिकारप्रति लापरवाही गर्ने र आफ्नो अनियमित क्रियाकलापलाई ढाकछोप गर्ने प्रयास मात्र गर्ने निवेदकले आफ्नै संवैधानिक र कानूनी हक हनन् भएको भन्नु उचित र कानूनसम्मत् देखिन आउँदैन । रिट निवेदकलाई अधिकारप्राप्त अधिकारीले कानूनसम्मत् प्रक्रिया अवलम्बन गरी निवेदकलाई पर्याप्त सफाइको मौका समेत दिई नोकरीबाट अवकाश दिएको निर्णय कानूनसम्मत् देखिने ।

इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६८ साल असार १ गते रोज ४ शुभम् ।

१४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६४-WO-००१०, उत्प्रेषणयुक्त परमादेश, *घनश्याममान प्रधान वि. भूमिसुधार कार्यालय, भक्तपुर समेत*

दुई जग्गाधनीमध्येको एक र पूरै जग्गाको मोही समेत भएको विपक्षी हरिकृष्ण प्रजापतीले कि.नं. १३८, १४० र २०९ को मोही बाँडफाँड एवं मोही लगत कट्टा गरिपाऊँ भनी २०६३।११।१ मा निवेदन दिएको र भूमिसुधार कार्यालय, भक्तपुरबाट जग्गाधनीमध्येको रामेश्वर प्रधानको घर ठेगानामा रीतपूर्वकको म्याद सूचना जारी हुनुको साथै गोरखापत्र दैनिकमा सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कोही हाजिर हुन नआएको अवस्थामा सम्बन्धित जग्गाको स्थलगत निरीक्षण प्रतिवेदन समेतको आधारमा जग्गा बाँडफाँड गर्ने गरी भएको निर्णयमा कुनै कानूनी त्रुटि विद्यमान रहेको नदेखिने ।

इजलास अधिकृतः हरि कोइराला
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६८ साल फागुन ९ गते रोज ३ शुभम् ।

१५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६३ सालको रिट नं. ३६०३, उत्प्रेषणयुक्त परमादेश, *परमेश्वर दास वि. क्षेत्रीय प्रहरी इकाई कार्यालय, जनकपुर समेत*

सधैं सुरक्षाको दायित्व निर्वाह गरी विभागीय मर्यादा र अनुशासनमा बस्नु पर्ने प्रहरी कर्मचारीले आफू कार्यरत् कार्यालयको प्रमुखको स्वीकृति नलिई, बिदा स्वीकृति नगराई आफूखुशी लाइन ब्यारेक छोडी लामा समयसम्म गैरहाजिर रहेको अवस्थामा निजउपर कानूनबमोजिम कारवाही गर्नुपर्ने हुँदा रिट निवेदकलाई नोकरीबाट हटाउने गरी क्षेत्रीय प्रहरी इकाई कार्यालय, जनकपुरबाट भएको मिति २०५९।९।१४ को निर्णय र त्यसलाई सदर गर्ने गरी मध्यक्षेत्र प्रहरी कार्यालय, हेटौंडाबाट भएको मिति २०६३।२।२४ को निर्णय समेत कानूनी त्रुटिपूर्ण वा अनधिकृत देखिन नआएकोले निवेदन मागबमोजिमको आदेश जारी हुन नसक्ने ।

इजलास अधिकृतः हरि कोइराला
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६८ साल फागुन ९ गते रोज ३ शुभम् ।

## इजलास नं. ५

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** ०६३-CI-०८६६, ०८६७, लेनदेन, *तुलसीप्रसाद थारू वि. सुरेन्द्रकुमार गोयल, किसु निर्माण सेवा प्रा.लि.नैकाप गा.वि.स., पुरानो भञ्ज्याङ वडा नं. ७, काठमाडौं वि. सुरेन्द्रकुमार गोयल*

एक व्यक्तिलाई सामान दिनु भन्दै सोको मूल्य आफैले तिरिदिने प्रत्याभूति दिएको अवस्थामा पत्रमा उल्लेख नभएको व्यक्तिले बुझेको सामानको पनि भुक्तानी दिनुपर्छ भनी पक्षले स्वीकार नै नगरेको दायित्व पनि निजलाई बहन गराउन मिल्दैन । पत्र वा लिखतले दायित्व सिर्जना गर्दछ भने सो पत्रको व्यहोरालाई प्रमाणका रूपमा ग्रहण गर्न सकिन्छ । अन्यथा सो पत्रमा उल्लेख नभएको व्यक्ति जिम्मा लिइएको व्यक्तिको छोरा देखियो भन्दैमा सोको दायित्व त्यसरी पत्र प्रेषित गर्ने पक्षमा रहन्छ भन्न नमिल्ने ।

दुई वा दुईभन्दा बढी पक्षहरू बीच सम्झौता भएको छ भने सोही सम्झौताको शर्तबन्देजमा रही

कार्य गर्न सम्बन्धित पक्षहरू बाध्यकारी हुन्छन् । त्यस्ता पक्षहरूले आपसी सहमतिका आधारमा गरिने कार्यका लागि सम्झौताको पक्ष नरहेको व्यक्तिको दायित्वको सम्बन्धमा सम्झौता गर्ने दुबै पक्षको मञ्जूरीको आवश्यकता पर्दछ । दुबै पक्षले मञ्जूरी दिएमा लिखित सहमति प्रदान गरेमा सम्झौताको पक्ष नरहेको व्यक्तिको कार्यले वैधता प्राप्त गरी दायित्व सिर्जना गर्न सक्ने ।

कोमलबहादुर कार्कीले वादीबाट बुझी लगेको दुईसय बोरा सिमेण्टको ६१,००१।६० मध्ये रू. ६०,०००।-, २०५९।३।१३ मा सिँचाई कार्यालयबाट भुक्तानी पाइसकेको हुँदा सो कटाई रू.रू. १,००१।६० मात्र साविक जिल्ला सिँचाई कार्यालय बारा हाल मध्यमाञ्चल सिंचाई विकास डिभिजन कार्यालय ४ नं. पर्साबाट भरिपाउने ठहर गर्नुपर्नेमा योजनासँग असम्बन्धित व्यक्ति रघुनाथले लगेको दुईसय बोरा सिमेण्टको मूल्य रू. ६०,९९८।२० र ब्याज समेत भरिपाउने ठहर गरी सो रकम प्रतिवादी सिँचाई कार्यालयको जायजेथाबाट असूल हुने भनी पुनरावेदन अदालत हेटौंडाको मिति २०६३।३।२८ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ।

इजलास अधिकृत: दीपक ढकाल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०६८ साल मंसिर ११ गते रोज १ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. ०६७-WO-०५२५, उत्प्रेषण परमादेश, *गंगाबहादुर थापा वि. मालपोत कार्यालय, कलंकी समेत*

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७(१) मा "कुनै व्यक्ति फर्म, कम्पनी वा संस्थाले इजाजतप्राप्त संस्थासँग भएको कर्जाको सम्झौता वा शर्त कबुलियतको पालना नगरेमा वा लिखतको भाकाभित्र इजाजतपत्र प्राप्त संस्थाको कर्जा चुक्ता नगरेमा वा इजाजतपत्र प्राप्त संस्थाले जाँचबुझ गर्दा कर्जा लिएको कर्जा रकम जुन प्रयोजनको लागि लिइएको हो सो प्रयोजनमा नलगाएको वा हिनामिना वा दुरूपयोग भएको देखिएमा सम्बन्धित लिखत वा प्रचलित कानूनमा जुनसुकै कुरो लेखिएको भए तापनि ऋणीले इजाजतपत्र प्राप्त संस्थालाई लेखिदिएको वा इजाजतपत्र प्राप्त पत्र संस्थामा राखेको धितो सुरक्षणलाई इजाजतपत्र प्राप्त संस्थाले लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा व्याज असूलउपर गर्नसक्नेछ" भन्ने कानूनी प्रावधान भएको पाइन्छ । उपरोक्त कानूनी प्रावधानअनुसार विपक्षी केजनलाल खोसीका पिता केशवलाल खोसीले बैंकबाट लिएको ऋणको साँवा व्याज शर्त सम्झौताअनुसार नबुझाएको अवस्थामा सुरक्षणबापत दिएको कि.नं. ६५ र कि.नं. २५६ को घर जग्गा लिलाम गरी बैंकले साँवा व्याज असूलउपर गर्न सक्ने ।

बैंकमा धितो राखेको जग्गाको लिलाम गर्न अंश मुद्दा परेको कारणले कुनै असर नपर्ने हुँदा पुनरावेदन अदालत, पाटनले निवेदन दावीका जग्गा रोक्का राख्ने गरी गरेको आदेश त्रुटिपूर्ण देखिने ।

सुरक्षणबापत रहेको सम्पत्ति लिलाम बिक्री गरी बैंकले आफ्नो साँवा व्याज असूलउपर गर्नसक्ने सम्बन्धमा यस अदालतबाट निवेदक/वादी छत्रबहादुर भट्टराई विपक्षी/प्रतिवादी कृषि विकास बैंक अञ्चल कार्यालय, विराटनगरका अञ्चल प्रवन्धक प्रभुप्रसाद पराजुली भएको लिलाम दर्ता बदर मुद्दा (*नेकाप.*, २०४७, अङ्क ७, नि.नं. ४१८४, पृष्ठ ५५०) मा "लिलाम हुने निश्चित मिति तोकी कानूनबमोजिम भएको लिलाम बदर हुनसक्ने तथा सो लिलाम बदर गरी लिलाममा सकार गरी लिनेका नाममा भएको नामसारी दर्ता समेत बदर हुन्छ भन्न नमिल्ने" भन्ने सिद्धान्त प्रतिपादन भएको पाइन्छ भने निवेदक प्रेममणि आ.दि. प्रत्यर्थी नेपाल बैंक लिमिटेड उपशाखा कार्यालय, बुटवल समेत भएको उत्प्रेषण मिश्रित प्रतिषेध मुद्दा (*नेकाप* २०४८, अङ्क १, नि.नं. ४२४७, पृष्ठ २० मा "बैंकसँग भएको सम्झौता वा शर्त कबुलियत पालना नगरेमा सुरक्षणबापत रहेको जायजेथाबाट लिलाम बिक्री गरी बैंकले आफ्नो साँवा ब्याज असूलउपर गर्न वाणिज्य बैंक ऐन, २०३१ को दफा ४७(क) ले प्रदान गरेको अधिकारलाई प्रयोग गर्न सक्ने" भन्ने सिद्धान्त प्रतिपादन भएको पाइन्छ । साथै यस्तै विषयको निवेदक समसुदिन अन्सारी विपक्षी नेपाल अरब बैंक, शाखा कार्यालय, वीरगञ्ज समेत भएको निषेधाज्ञा मुद्दा(*नेकाप.*, २०५५, अङ्क १, नि.नं. ६५०८, पृष्ठ

८७) मा निवेदकले गरी दिएको तमसुक र अख्तियारनामाबमोजिम भएको कारोबारमा बैंकबाट तिर्नुपर्ने कर्जा रकम असूल गर्न वाणिज्य बैंक ऐन, २०३१ बमोजिम सूचना प्रकाशित गरी गरेको कामकारवाहीबाट निवेदकको हकहितमा आघात पर्न गएको भन्ने अवस्था नहुने" भन्ने सिद्धान्त प्रतिपादन भएको पाइन्छ भने पुनरावेदक/निवेदक नारदप्रसाद थारू समेत विपक्षी/प्रत्यर्थी महारानी थरूनी समेत भएको निषेधाज्ञा मुद्दा (*नेकाप.,* २०६०, अङ्क ३/४, निर्णय नं. ७२०४, पृष्ठ २८८) मा "एकासगोलमा रहेको अवस्थामा बाबुले लिएको ऋण कर्जा असूल गर्न वाणिज्य बैंक ऐन, २०३१ को दफा ४७ मा भएको कानूनी प्रावधानको आधारबाट बैंकले अन्य सगोलका अंशियारको सम्पत्तिबाट समेत लिलाम गरी कर्जा असूलउपर गर्न नसक्ने भन्न मिल्दैन" भन्ने सिद्धान्त प्रतिपादन भएको पाइँदा काठमाडौं जिल्ला थानकोट गा.वि.स. वडा नं. ९ख स्थित कि.नं. २५६ को जग्गा तथा ऐ काठमाडौं महानगरपालिका १४ स्थित सिट नं. ११४३-२४ कि.नं. ६५ को जग्गा रोक्का राख्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।३।२५ मा भएको आदेश कानूनविपरीतको देखिएकाले उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल कात्तिक २० गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ०६३-WO-०४४०, उत्प्रेषणयुक्त परमादेश, *गेहेन्द्रबहादुर मल्ल वि. गुठी संस्थान केन्द्रीय कार्यालय समेत*

नेपालको प्रचलित न्याय व्यवस्थामा अदालतको अधिकारक्षेत्रसम्बन्धी व्यवस्था संविधान र कानूनद्वारा निर्धारित गरिदिएको छ । संविधानले जिल्ला अदालतलाई शुरू तहको अदालतको रूपमा स्थापित गरेको छ । जिल्ला अदालतको मुद्दा हेर्ने अधिकारक्षेत्रको व्यवस्था सामान्य कानूनको रूपमा रहेको मुलुकी ऐन र अन्य विशेष प्रकृतिका विषयमा बनेका ऐनहरूले समेत शुरू मुद्दा हेर्ने क्षेत्राधिकार नतोकेको अवस्थामा यस्ता विशेष ऐनबमोजिमको मुद्दा हेर्ने क्षेत्राधिकार पनि जिल्ला अदालतको रहेको करा निर्विवाद रहेको छ । तर विशेष ऐनअन्तर्गतको कतिपय प्रकृतिका विवादको शुरू निरोपण गर्न अधिकार अर्धन्यायिक निकायलाई समेत ऐनद्वारा नै तोकिएको हुन सक्दछ । सामान्य कानूनका अलावा विधायिकाले कुनै विषयमा छुट्टै विशेष ऐन बनाएको अवस्थामा सो विशेष ऐनअन्तर्गतका विवादहरूको निरोपण गर्ने अधिकारक्षेत्र सम्बन्धमा सोही विशेष व्यवस्था गर्न बनेको ऐनको कानूनी व्यवस्था लागू हुने र त्यस्तो छुट्टै विशेष ऐन नभएको अवस्थामा मात्र अन्य सामान्य कानून लागू हुने विधिशास्त्रीय मान्यता नै हो ।

गुठी जग्गाको व्यवस्थापन गर्ने अर्को विशेष कानून गुठी संस्थान ऐन, २०३३ रहेको छ । गुठी संस्थान ऐन, २०३३ को दफा २७ मा गुठी जग्गामा खास जोताहा किसानले प्रचलित कानूनबमोजिम मोहियानी हक पाउने छ भन्ने कानूनी व्यवस्था भएको देखिन्छ । मोही हकसम्बन्धी व्यवस्थापन गर्ने प्रचलित कानून भूमिसम्बन्धी ऐन, २०२१ नै भएको हुँदा गुठीको जग्गामा समेत मोही हकसम्बन्धी कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवादको निरोपण गर्न भूमिसम्बन्धी ऐन, २०२१ ले तोकिदिएको कानूनी प्रक्रियाअनुरूप भूमिसुधार अधिकारीसमक्ष निवेदन गर्नुपर्ने कुरा निर्विवाद छ । यसै सम्बन्धमा सर्वोच्च अदालत पूर्ण इजलासबाट, "भूमिसम्बन्धी ऐन, २०२१ को दफा ३१(क) ले मोहियानी हकको तेरो मेरो सम्बन्धी विवादको निर्णय गर्ने अधिकार भूमिसुधार अधिकारीलाई प्रदान गरेको सो दफाले गुठीको जग्गालाई बाहेक गरेको समेत देखिन नआएबाट गुठी जग्गाको हकमा समेत सबूद प्रमाण बुझी मोहीसम्बन्धी तेरो मेरो प्रश्नमा निर्णय गर्ने अधिकार भूमिसुधार अधिकारीलाई भएको मान्नुपर्ने" भनी उपेन्द्रनाथ उपाध्याय समेत विरूद्ध गुठी संस्थान, गुठी लगत तथा तहसील कार्यालय समेत भएको उत्प्रेषणको रिटमा (*नेकाप* २०५३ अङ्क ५, नि.नं. ६१९१ पृष्ठ ३८६) मा सिद्धान्त प्रतिपादन भएको छ । यसरी उल्लिखित कानूनी व्यवस्था एवं सर्वोच्च अदालतबाट स्थापित कानूनी सिद्धान्त समेतका आधारमा प्रस्तुत रिट निवेदनमा विवादित जग्गाहरूको मोहीसम्बन्धी विवाद हेर्ने शुरू अधिकारक्षेत्र जिल्ला अदालतलाई नभई भूमिसुधार अधिकारीलाई भएको देखिने ।

अधिकारक्षेत्र विहीन निकायले आफ्नो अधिकारक्षेत्रभन्दा बाहिर गई अधिकारक्षेत्र ग्रहण गरी गरेको फैसला कानूनतः शून्य (Void) हुने र त्यस्तो कानूनतः शून्य फैसलाको कार्यान्वयन समेत हुन नसक्ने हुँदा उक्त फैसलाउपर परेको पुनरावेदनलाई पुनरावेदन अदालतबाट हदम्यादको आधारमा खारेज गरेको कारणले मात्र उक्त कानूनी मान्यता शून्य फैसलाले थप वैधता वा कानूनी मान्यताको स्वरूप धारण गर्न नसक्ने ।

विवादका जग्गाको आफू मोही भएको र त्यसको प्रमाण गुठीका महन्तले विभिन्न सालको बाली बुझी भरपाई गरिदिएको भनी उल्लेख गरे तापनि रिट क्षेत्रबाट प्रमाणको मूल्याङ्कन एवं परीक्षण नगरी केवल सम्बन्धित निकायको कार्यको संवैधानिक एवं कानूनी परीक्षण मात्र हुने हुँदा निवेदकको उक्त दावीका सम्बन्धमा विचार गरिरहनु नपर्ने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल भदौ २७ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको २०६३ सालको रिट नं. ०६३-WO-०४४२, उत्प्रेषणयुक्त परमादेश, *बलबहादुर मल्ल वि. गुठी संस्थान केन्द्रीय कार्यालय समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री भरतराज उप्रेती,** ०६२-WO-०२८०९, उत्प्रेषण/परमादेश, *कुसुमलाल मोची चमार वि. भूमिसुधार कार्यालय, सप्तरी समेत*

निवेदकले मोही प्रमाणपत्र पाएको, निजलाई मोहीबाट निष्काशन गर्ने गरी भएको सप्तरी जिल्ला अदालतको मिति २०२५।९।६ को निर्णय कार्यान्वयन हुन नसकेको तथा मिति २०२४।५।१९ मा भूमिसुधार कार्यालयले २०२३ सालको बाली बुझाएको भरपाई दिलाई जग्गाधनीलाई जरीवाना समेत गर्ने निर्णय गरेको समेतका आधार र कारणबाट मोही बाँडफाँड नगरी यी निवेदकको मोही लगत कट्टा गर्ने गरी भएको भूमिसुधार कार्यालय, सप्तरीको मिति २०६२।४।१९ को निर्णय कानूनसम्मत् नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। अब कानूनबमोजिम मोही र जग्गाधनीबीच दावीको जग्गा बाँडफाँड गर्नु भनी विपक्षी भूमिसुधार कार्यालय, सप्तरीको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६८ साल मंसिर १२ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६५-WO-०८०९, उत्प्रेषणयुक्त परमादेश, *रमाकान्त चौधरी कायस्थ वि. मालती चौधरी समेत*

निवेदकले आफ्नो स्थायी ठेगाना सिरहा जिल्ला, इनर्वा गाउँ विकास समिति वडा नं. १ भएको भनी रिट निवेदनमा जिकीर लिएको देखिन्छ। सो जिकीरका सम्बन्धमा विचार गर्दा एक ठाउँमा जन्म वा पुर्ख्यौली घरवास भए पनि कुनै पनि व्यक्ति आफ्नो ईच्छा र अनुकूलताअनुसार बसाई सरी अन्य नयाँ ठाउँमा बसोबास गर्नसक्ने कुरा स्वाभाविक हुने देखिन्छ। यी निवेदक लेनदेन मुद्दा पर्नुभन्दा अघिदेखि नै राजविराज नगरपालिका वडा नं. ५ मा बस्दै आएको कुरा नागरिकताको प्रमाणपत्र, सप्तरी जिल्ला अदालतमा दायर भएको मुद्दा, बकसपत्रको लिखत, मतदाता नामावलीलगायतका आधिकारिक कागजपत्रबाट समर्थित भइरहेको देखिँदा निवेदकले उत्प्रेषणको आदेशद्वारा बदर गर्न माग गरेको मिति २०६४।१।१७ मा तामेल भएको यी निवेदकको नामको लेनदेन मुद्दाको ३० दिने इतलायनामा यी निवेदकको स्थायी बसोबास भएको ठेगानामा नै जारी र तामेल भएको देखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गरी बदर गर्नुपर्ने अवस्था देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६८ साल मंसिर ८ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-WO-०९९७, परमादेश समेत, *प्रभुकृष्ण कोइराला समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

सरकारका अङ्गहरूको आ-आफ्नो कार्यक्षेत्र तथा कार्य सीमाना निर्धारण भएको हुन्छ भने त्यस्तो आफ्नो क्षेत्रभित्रको कार्य गर्ने सन्दर्भमा सरकारका अङ्गहरू कानूनको अधीनमा रही पूर्ण स्वायत्त समेत हुन्छन् । उच्चस्तरीय राज्य पुनरसंरचना आयोगको गठन, काम, कर्तव्य, अधिकार र सेवाका शर्त नेपाल सरकारले निर्धारण गरेबमोजिम हुने भनी संविधानमै प्रष्टरूपमा उल्लेख भएको र उक्त संवैधानिक दायित्व पूरा गर्न प्रत्यर्थीहरू तयार रहेको भन्ने देखिन आएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान रहे भएको नपाइँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल कात्तिक २७ गते रोज १ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** २०६७ सालको फौ.सा.नं. RC-००९२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बुद्धिमान तामाङ*

मृतक तुलसी खादीको टाउकोमा प्रतिवादी बुद्धिमान तामाङले खुकुरीले पटक-पटक प्रहार गरेको कुरा जाहेरी र मौकामा बुझिएका भीमबहादुर राई समेतका व्यक्तिहरूले अनुसन्धान अधिकारीसमक्ष एवं अदालतमा समेत बकसपत्र गरेका छन् । प्रतिवादीले मृतक तुलसी खादीले मेरो कुकुरलाई मारी काटी मलाई समेत मार्न समेत लाग्दा मैले मृतकको साथमा रहेको खुकुरी झिकी तत्कालै उठेको रिस थाम्न नसकी प्रहार गरेको खुकुरीको चोटबाट तुलसी खादीको मृत्यु भएको भनी अनुसन्धान अधिकृत एवं अदालतमा समेत सावित रही बयान गरेको देखिन्छ । शव परीक्षण प्रतिवेदनबाट मृतकको मृत्यु टाउकोमा चोट लागेको कारणबाट भएको भन्ने उल्लेख छ । प्रयोग भएको हतियार खुकुरी र मुंग्रो समेत बरामद भई सनाखत भएको अवस्था समेत देखियो । मार्ने मनसायले आफूले प्रहार नगरेको भन्ने प्रतिवादीको भनाई पुष्टि हुने प्रमाण प्रतिवादीले पेश गरेको देखिएन । यस्तो अवस्थामा प्रतिवादी बुद्धिमान तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

तत्काल रिस उठी दुबै पक्षबीच हानाहानको स्थिति उत्पन्न भै मृतकको ज्यान मरेको अवस्थालाई विचार गर्दा अ.वं. १८८ नं. प्रयोग गरी १० वर्ष मात्र कैद सजाय गर्दा पनि पर्याप्त हुने ।

इजलास अधिकृतः हरिहर पौड्याल

कम्प्युटरः भवानी ढुङ्गाना

इति संवत् २०६८ साल असार ३१ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** २०६७ सालको फौ.सा.नं. RC-००८४, कर्तव्य ज्यान, *नेपाल सरकार वि.जयलाल सदा समेत*

प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा समेत मृतक फगुवा सदा धामी झाँक्री काम गर्ने व्यक्ति भएको र जयसवाल सदाको श्रीमती बिरामी भएको हुँदा झारफुक गर्न लगाउँदा निको नभएको कारण भनाभन हुँदा मसान उठाएर लगाइदिन्छु भनेको २०६४।८।२३ गते बाला चतुर्दशीको मेला हेर्न गएको बखत मृतक फगुवा सदालाई प्रतिवादीहरूले मेलाबाट उदयपुर त्रिवेणी गा.वि.स.वडा नं. २ स्थित सफी खोलातर्फ लगी ढुङ्गाले कुटपीट गरी कर्तव्य गरी मारेको र सोही खोला नजिकको चौफाल जंगलमा गाडेको भनी कर्तव्य गरी मारेको कुरामा साविती रहेको देखिन्छ । लास जाँच मुचुल्काबाट मृतक लासको मासु सबै सडी गली दुर्गन्धित भइसकेको भन्ने देखिन्छ । लास सडी गलेको कारण घटनास्थलबाट उठाई पोष्टमार्टम गराउन लैजान नसकिने अवस्थामा रहेको भनी मुचुल्का समेत खडा भएको देखिन्छ । प्रतिवादीहरूले आरोपित कसूरलाई अन्यथा प्रमाणित गर्न सकेको देखिँदैन । त्यसकारण मिसिल संलग्न प्रमाण कागजको आधारमा प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी १३(३) बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

जहाँसम्म अ.बं. १८८ को रायको सम्बन्धमा समेत घटनाको अवस्था र प्रकृतिबाट ज्यान मार्ने भन्ने नियतले प्रतिवादीहरूले कुटपीट गरेको नभई दाँतले

हातमा टोकेकोमा रिस सहन गर्न नसकी साधारण कुटपीट गरेको कारणबाट फगुवा सदाको मृत्यु भएकोले खोला नजिकको चौफाल जंगलमा गाडेको भन्ने देखिन आएको हुँदा प्रतिवादीहरूलाई १०(दश) वर्ष मात्र कैद सजाय गरेमा पर्याप्त हुने ।

इजलास अधिकृतः हरिहर पौड्याल

कम्प्युटरः भवानी ढुङ्गाना

इति संवत् २०६८ साल असार ३१ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको ०६७-CI-०२४१, निषेधाज्ञा, *किशोरकुमार दुगड वि. प्यारू शाह समेत*

आफ्नो कि.नं. ३१८७, ३३३७, ३१८५, ३१९०, ३३३६, ३३४०, १५५८, का घर जग्गामा आवतजावत गर्ने संयुक्त नाममा रहेको बाटोको रूपमा प्रयोग हुने कि.नं. १५५७, १५६५, र १५६९ को जग्गाबाट बाटो प्रयोग गर्न बाधा अवरोध पुऱ्याउने आशंकाको अवस्था देखाई निषेधाज्ञाको आदेश जारी गरी पाउन माग दावी लिएको देखिन्छ । पुनरावेदन अदालत पाटनको मिति २०६७।३।३० को आदेशमा पनि बाटोको रूपमा रहेको कि.नं. १५५७, १५६५ र १५६९ को जग्गा निवेदकले प्रयोग गर्ने आवतजावत गर्ने जस्ता कार्यमा बाधा पुऱ्याउने कार्य नगर्नु, नगराउनु भनी निषेधाज्ञाको आदेश जारी हुने भन्ने कुरा नै रहेको देखिन्छ । निवेदकको निवेदन जिकीरअनुसार नै निषेधाज्ञाको आदेश जारी भैरहेको अवस्था विद्यमान रहेको सन्दर्भमा बाँकी कि.नं. ३१८७, ३३३७, ३१८५, ३१९०, ३३३६, ३३४०, १५५८ का घर जग्गाको हकमा पनि विपक्षीहरूको नाममा निषेधाज्ञाको आदेश जारी हुनुपर्ने भन्ने पुनरावेदन जिकीरसँग सहमत हुन नसकिने ।

निवेदकले नै कि.नं. १५५७, १५६५, र १५६९ को जग्गाहरू म निवेदक र विपक्षी प्यारू शाहले प्रयोग गर्ने बाटो प्रयोजनको जग्गा भनी स्वीकार गरेको अवस्थामा पुनरावेदनमा आएर उक्त कित्ता जग्गाहरू पुनरावेदकको मात्र हकभोग दर्ताको भनी जिकीर लिनुको कुनै औचित्य हुँदैन । निवेदक तथा विपक्षीहरूको मुख मिलेको तथा मिसिल संलग्न कागज प्रमाणबाट निर्विवाद रूपमा स्थापित भएको तथ्य भएको हुँदा कि.नं. १५५७, १५६५, र १५६९ को जग्गाहरूलाई बाटो भनी सम्बोधन गरिएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल मंसिर २९ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको ०६७-CI-०३७१, निषेधाज्ञा, *गोविन्दलाल संघई वि. प्यारू शाह समेत*

निषेधाज्ञाको आदेश जारी हुन निश्चित अवस्थाहरू विद्यमान भएको हुनु आवश्यक छ । त्यस्ता अवस्थाहरूमा जुन कार्य रोकी पाउन निवेदन माग दावी लिइएको हो सो कार्य पूरा भैसकेको अवस्था विद्यमान हुनु हुँदैन । कसैले आफ्नो कानूनी हक अधिकारमा आघात पार्ने आशंकाको अवस्था विद्यमान रहेको भनी त्यस्तो अवस्था आउनु अगाडि नै उक्त कार्य रोकी पाउन निषेधाज्ञा जारी गरी पाउन निवेदन दिएको अवस्था त्यस्तो कार्य नै सम्पन्न भैसकेको अवस्था देखिएपश्चात् आशंकाको अवस्था पनि विद्यमान नरहने हुन्छ । त्यसकारण निषेधाज्ञाको आदेश कानूनी हक अधिकारमा आघात पुगिसकेको अवस्थामा जारी गर्न नमिल्ने ।

कार्य सम्पन्न भई सकेकोमा निषेधाज्ञा जारी गर्नुको कुनै अर्थ रहन आउँदैन भनी रिट खारेज गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न मिलेन । पुनरावेदन अदालत, पाटनबाट पर्खाल लगाइसकेको अवस्था विद्यमान हुँदा रिट खारेज हुने ठहर भएको भए पनि काठमाडौं जिल्ला अदालतमा चलेको पर्खाल भत्काई पाऊँ भन्ने मुद्दाबाट सो पर्खाल भत्किने वा नभत्किने भन्ने विषय सबूद प्रमाणको रोहबाट बोलिने विषय भई निवेदकको भोगी आएको बाटोसम्बन्धी कुरालाई पुनरावेदन अदालतको उक्त आदेशको उक्त आदेशले कुनै प्रतिकूल प्रभाव नपारेको भएबाट पुनरावेदन अदालत पाटनको मिति २०६७।३।३० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल मंसिर २९ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ८३८४, ८४८५, ८३८६, ८३८७, ८३८८, छूट जग्गा दर्ता, *सवीर मियाँ वि.मु.स. गर्ने सीताराम महतो, बाबुजी मियाँ वि. मु.स. गर्ने सीताराम महतो, नूर महम्मद मियाँ वि. मु.स. गर्ने सीताराम महतो, अविद मन्सुरी वि. मु.स. गर्ने सीताराम महतो, वीवी जोहरा मियाँ वि. मु.स. गर्ने सीताराम महतो*

देवानी र फौजदारी बाहेक जतिसुकै मानिसले जतिसुकै मानिसउपर एउटै झगडाका विषयको कुरा लेखी ल्याएको भए पनि लिई इन्साफ गर्नुपर्ने ।

अलग-अलग निवेदन पर्दैमा मुद्दाको विषय अलग हुने होइन । यी निवेदनलाई सोही मिसिलमा राख्नुपर्नेमा अलग-अलग फायलमा राखियो भन्दैमा मुद्दा अलग हुन मिल्दैन । एउटै मुद्दा अलग-अलग फायलमा रहन सक्दछ । एउटै मुद्दाका धेरै मिसिल पनि हुन सक्दछन् । मिसिल वा फायलको संख्याले मुद्दाको निर्धारण गर्दैन । मुद्दाको निर्धारण त्यसमा सन्निहित विषयले गर्ने ।

मुद्दा एक वा अनेक भन्ने कुरा त्यसमा सन्निहित माग तथा प्रतिवाद र निर्णय गर्नुपर्ने विषयले निर्धारित गर्ने हो । प्रशासकीय सुविधा वा अज्ञानताले अलग-अलग फायल खडा भई टिप्पणी आदेश अलग-अलग भए भन्दैमा मुद्दा नै अलग-अलग नहुने ।

मुद्दाको विषयवस्तु समान छ भने पुनरावेदन गर्दा विवादका पक्षहरूले एउटै वा संयुक्त रूपमा गर्न सक्ने हुन्छ । यस्तोमा अलग-अलग पुनरावेदन गर्न बाध्य बनाउन मिल्दैन । विवादका पक्षहरूले जग्गा दर्ताका विषयमा छुट्टाछुट्टै निवेदन गरे पनि एउटै निकायमा समान विवादित विषयवस्तु भएको मुद्दाको एकै मितिको निर्णयमा सबै पुनरावेकहरूले संयुक्त रूपमा एउटै पुनरावेदन दायर गर्दैमा त्यस्तो पुनरावेदन पत्र कानूनप्रतिकूल मानी खारेज गर्नु अ.बं. ७२ नं. र १९३ नं. समेतका न्यायिक मान्यताको समेत प्रतिकूल हुने ।

पक्षहरूले शुरूको निर्णयउपर छुट्टाछुट्टै पुनरावेदन गर्ने वा एउटै पुनरावेदन गर्ने भन्ने कुरा प्राविधिक एवं कार्यविधिगत प्रश्न हो भने पुनरावेदनको तथ्यभित्र प्रवेश गरी कानूनबमोजिमको निर्णय पाउनु सारवान प्रश्न हो । प्राविधिक एवं कार्यविधिगत प्रश्नलाई महत्व दिई व्यक्तिको सारवान अधिकारलाई गौण बनाई पुनरावेदनपत्र नै खारेज गर्नु न्यायिक मान्ताको प्रतिकूल हुन जाने हुन्छ । न्याय माग्न अदालत प्रवेश गर्ने पक्षहरूको सारवान पक्षलाई प्राविधिक पक्षले धराशायी बनाउन नसक्ने ।

पुनरावेदकहरूले पुनरावेदन पत्रमा उल्लेख गरेको विवादको विषय, निर्णय गर्ने निकाय, निर्णयकर्ता र निर्णयका आधार मिति २०६०।५।१८ को निर्णयसँग मिलेको देखिन्छ भने मिति २०६०।५।१७ मा पुनरावेदकहरूको अर्को कुनै विवादका सम्बन्धमा मालपोत कार्यालयबाट निर्णय भएको देखिन्न । अदालतले मालपोत कार्यालयमार्फत् आएको पुनरावेदनपत्र दर्ता गर्दा नै फरक मितिको निर्णय देखिएमा ग्रहण गर्न नहुने र दर्ता भइसकेपश्चात् पनि पुनरावेदकहरूबाट मालपोत कार्यालयको निर्णय मिति यकीन गर्न मुलुकी ऐन, अ.बं. १३३ नं. बमोजिम कागज गराउनु पर्नेमा मिति यकीन गर्न कागज नगराउने कार्य अदालतको भूल मान्नुपर्ने हुन्छ । पुनरावेदन दर्ता गरी फरक देखिएको मितिका सम्बन्धमा कागज पनि नगराई टाइपको भूलबाट मिति फरक पर्न गएको सामान्य त्रुटिको कारण न्यायको ढोका नै बन्द गर्न नमिल्ने ।

प्रस्तुत विवादमा कि.नं. को प्रश्न नभए पनि मितिको विवाद हुँदा पुनरावेदनपत्रमा फरक निर्णय मिति उल्लेख भए पनि मालपोत कार्यालय सुनसरीको मिति २०६०।५।१८ कै निर्णयउपर पुनरावेदन गरिएको हुँदा उक्त पुनरावेदनपत्रमा तथ्यभित्र प्रवेश गरी कानूनबमोजिमको निर्णय गर्नुपर्नेमा पुनरावेदनपत्र नै खारेज गरेको पुनरावेदन अदालत विराटनगरको फैसला त्रुटिपूर्ण देखिएको हुँदा पुनरावेदन अदालत विराटनगरले पुनरावेदनको अन्तरवस्तुभित्र प्रवेश नै नगरी पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन पत्र खारेज हुने ठहर गरेको मिति २०६२।४।१९ को फैसला मिलेको नदेखिँदा बदर गरिदिएको छ । अब जो जे बुझ्नुपर्ने हो बुझी सर्वोच्च अदालतमा हाजीर नरहेको पक्षलाई झिकाई कानूनबमोजिम निर्णय गर्नु भनी प्रस्तुत मुद्दामा हाजीर रहेका पक्षहरूलाई पुनरावेदन अदालत विराटनगरमा उपस्थित हुने तारिख तोकी मिसिल समेत पुनरावेदन अदालत विराटनगरमा पठाई दिने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल कात्तिक २७ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६६-CR-०४०१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बुद्धिराम यादव समेत*

यी प्रतिवादी तथा जाहेरवालाबीच रहेको पूर्व रिस इवी र सोही कारणबाट बाटोमा लुकी कुटपीट गर्ने उद्देश्यले नै यी प्रतिवादीले बाँसको लाठी समेत लिई जाहेरवाला तथा मृतक समेतका व्यक्तिहरू त्यहाँ आइपुग्ने बित्तिकै निहुँ खोजी पटक पटक प्रहार गरेको लाठीको चोटको कारणबाटै गणेश मल्लाहको मृत्यु भएको देखिँदा मनसायपूर्वक नै उक्त वारदात घटाएकोमा विवाद नरहेको अवस्थामा प्रतिवादी बुद्धिराम यादवलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

प्रतिवादी मोहन बनियाको हकमा हेर्दा निज वारदातमा संलग्न रहेको भन्ने जाहेरी व्यहोरा रहे पनि निजको अनुसन्धान अधिकारी तथा अदालतमा भएको बयान हेर्दा आफ्नो घर पसल नजिकै घटना घटे पनि आफू वारदातमा संलग्न नरहेको भनी इन्कारी बयान गरेको देखिन्छ । जाहेरवाला तथा घटनामा उपस्थित गेना चाइले अदालतमा आई बकपत्र गर्दा बुद्धिराम बाहेक घटनामा अरूको संलग्नता छैन भनी स्पष्ट रूपमा व्यक्त गरेको र अन्य मिसिल संलग्न कागज प्रमाण समेतबाट निजको संलग्ना पुष्टि हुन नसकेकोले निजलाई सफाइ हुने ।

इजलास अधिकृतः ईश्वर पराजुली

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल माघ २५ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CR-०६१०, डाँका, *नेपाल सरकार वि. दिलीप साह*

चोरीको गहना यी प्रतिवादीबाट बरामद भएको पनि छैन । निजको साथमा चोरीको सम्पत्ति रहेको भन्ने अवस्था पनि छैन । यस्तो अवस्थामा चोरीको सामान जानीजानी खरीद गरेको कुरा अदालतले अनुमान गर्न हुँदैन । चोरीको माल जसबाट बरामद भएको हो सोही व्यक्तिले यी प्रतिवादी विरूद्ध पोल गरेको कुरालाई मात्र अकाट्य प्रमाणको रूपमा ग्रहण गर्न मिल्दैन । चोरीको माल भनी जानीजानी लिएको वा राखेको वा किनेको कुरा प्रमाणित गर्ने भार अभियोजन पक्षले वहन गर्नुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा डाँका गरिएको सुन जानीजानी खरीद गरेको भन्ने कुराको भरपर्दो प्रमाण प्रस्तुत नभएको अवस्थामा यी प्रतिवादीलाई अभियोग माग दावीबमोजिम सजाय नहुने हुँदा आरोपित कसूरबाट सफाइ पाउने ।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६८ साल मंसिर २८ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री कमलनारायण दास,** २०६४-CI-०२२८, नापी टोलीको तोक आदेश तथा दर्ता बदर दर्ता, *सोमराज तिमल्सेना वि. नारी शिल्पकला केन्द्र, वीरगञ्ज*

साविक २०४१ सालदेखि नारी शिल्पकला केन्द्रकै नामबाट विभिन्न कार्यहरू सञ्चालन गरी सो संस्था अस्तित्वमा रहेको वादी संस्थाको नाममा हालैको बकसपत्रबाट आएको जग्गा जिल्ला विकास समितिले अनधिकृत तवरले आफ्नो हक स्वामित्वमा ग्रहण गरी लिएपछि वादी संस्थाको अस्तित्व संकटमा पर्न जाने र संस्थाले आफ्नो कार्य सञ्चालन नै गर्न नसक्ने अवस्था सिर्जना हुन जाने हुँदा जिल्ला विकास समितिले गोश्वारा नापी कार्यालय पर्सामा लेखेको मिति २०५६।४।२७ को पत्रका आधारमा मिति २०५६।४।२७ मा गोश्वारा नापी कार्यालयबाट भएको दूषित दर्ताको निर्णय कायम रहन नसक्ने भएकोले सो निर्णय बदर हुने भै नारी शिल्पकला केन्द्रकै नाममा जग्गा रहने ।

इजलास अधिकृतः महेन्द्र पोखरेल

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६८ साल पुस ११ गते रोज २ शुभम् ।

- यसै लगाउको संवत् २०६४ सालको CI-०२३०, मिलापत्र बदर, *जिल्ला विकास समितिको कार्यालय, पर्सा वीरगञ्ज वि. नारी शिल्पकला केन्द्र, पर्सा वीरगञ्ज* भएको मुद्दामा यसैबमोजिम फैसला भएको छ ।

## इजलास नं. ८

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. ०६६-WO-०२९८, उत्प्रेषण समेत, *महमुद आलम समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

रिट निवेदकहरू मुस्लिम धर्मावलम्बी भए पनि सरकारले हज गर्न जानका लागि गठन गरेको हज कमिटिबाट निजहरूको के कुन मौलिक हक उल्लंघन भएको हो निवेदनमा स्पष्ट खुलाउन सकेको पाइँदैन । यसका अतिरिक्त प्रस्तुत विवाद आ.व. ०६६।६७ को लागि गठित हज कमिटिको विषयलाई लिएर निवेदकले रिट दायर गरेकोमा हाल उक्त वर्षको हजयात्रा समाप्त भइसकेकोले प्रस्तुत विवादको औचित्य नै रहेको नदेखिँदा निवेदन मागबमोजिम उत्प्रेषण समेतको आदेश जारी हुन नसक्ने ।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटरः मुक्ता प्याकुरेल

इति संवत् २०६८ साल कात्तिक १७ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट,** २०६८-WH-००११, बन्दीप्रत्यक्षीकरण, *अरविन्दराज पहाडी वि.महानगरीय प्रहरी परिसर, हनुमानढोका समेत*

बन्दीप्रत्यक्षीकरणको आदेश गैरकानूनी रूपमा थुना वा कब्जामा रहेको व्यक्तिलाई थुनामुक्त गर्नका लागि जारी गरिने आदेश हो । तर प्रस्तुत रिट निवेदनमा रिट निवेदकलाई हिरासतमा नै राखी अनुसन्धान गर्नुपर्नेसम्मको अवस्था नदेखिएको भन्ने आधारमा निजलाई हाजिर जमानीमा थुनामुक्त गर्ने भन्ने आदेश भई सोही आदेशको आधारमा थुनामुक्त भैसकेको अवस्था देखिन आएकोले प्रस्तुत निवेदनको औचित्य नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल भदौ १२ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट,** ०६४-CR-०३३१, जालसाजी, *लक्ष्मीनियादेवी समेत वि. रामचन्द्र राउत*

विवादित जग्गा उमाशंकर राउत वरैको भोगमा रहेको भनी गाउँ विकास समितिको कार्यालय औरहीले च.नं. ४४ मिति २०५९।६।२५ को पत्रद्वारा प्रमाणित गरी पठाएकोमा उक्त जग्गा पोखरीको डिल भएको सरकारी जग्गा भएको हुँदा सो सिफारिश बदर गरिएको छ भनी सर्लाही जिल्ला अदालतमा पत्राचार गरेको मिसिल संलग्न च.नं. ६ मिति २०५९।८।१८ को पत्रबाट देखिन्छ । प्रस्तुत मुद्दाको प्रमाणस्वरूप आएको पुनरावेदन वादी रामचन्द्र राउत प्रत्यर्थी प्रतिवादी रातियादेवी समेत भएको दे.पु.नं. ११६९ को फैसला बदर मुद्दामा विवादित कि.नं. १०१ को जग्गा सार्वजनिक ऐलानी पर्ति कायम हुने ठहरी पुनरावेदन अदालत जनकपुरबाट फैसला भएको पाइयो । यस्तो अवस्थाको सार्वजनिक पर्ति जग्गालाई उमाशंकरको व्यक्तिगत भोगमा रहेको जग्गा हो भनी प्रतिवादीहरूले मिति २०६०।४।१७ मा सर्जमीन मुचुल्का गरेको देखिन्छ सार्वजनिक पर्ति जग्गालाई व्यक्तिगत भोगको भनी सर्जमीन मुचुल्का गरेको देखिँदा उक्त सर्जमीन मुचुल्का जालसाजीपूर्ण देखिने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

इति संवत् २०६८ साल भदौ १२ गते रोज २ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CI-०२५९, परमादेश, *रञ्जुकुमारी शाह वि. दलितकन्या सामुदायिक प्राविधिक विद्यालय, बसतपुर रौतहट समेत*

पुनरावेदिका रञ्जुकुमारी शाह दलित कन्या प्राथमिक विद्यालय बसतपुर रौतहटमा भोलन्टियरको रूपमा शिक्षिका पदमा काम गरेको कुरा निजकै निवेदन लेखबाट देखिएको छ । आफूलाई विद्यालयले मासिक पारिश्रमिक नदिएको र हाजिर पनि नगराएको भन्ने उजूरी सोही विद्यालयको व्यवस्थापन समितिसमक्ष

लैजानु पर्नेमा निवेदकले सो गरेको पाइएन । परमादेश सार्वजनिक निकायले कानूनले आफूलाई स्पष्ट रूपमा तोकेको कर्तव्य निर्वाह गर्न प्रकट रूपमा अनिच्छा जाहेर गरेमा सोका विरूद्ध जारी हुने हो । निजी स्रोतबाट तलव खुवाउने गरी करारमा स्वयंसेविका शिक्षकका हकमा बैंक व्याजदर घटेको कारणले साविक सरह पारिश्रमिक दिन नसक्ने विद्यालयको कथन विरूद्ध परमादेश जारी हुनसक्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल माघ १२ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CI-०३२५, निषेधाज्ञायुक्त परमादेश, *मालपोत कार्यालय,दाङ घोराही वि. भोलानाथ कसौधन*

निवेदकले निवेदनमा उल्लेख गरेका कि.नं. १८४, ६४४, २६७, ८९८, ९०० र ८९०५ मध्ये कि.नं. ८९८ बाहेक अरू जग्गाहरू निवेदकका बाबुले कृषि विकास बैंकबाट निवेदकले अंश भरपाई गर्नु अगावै ऋण लिएको ऋण लिँदाका बखत यी निवेदक बाबुसँग सगोलमा रहेको भएको देखिएकोले कि.नं. ८९८ बाहेक अरू कित्ता जग्गा रोक्का राखेकोलाई कानूनविपरीत भन्न नमिल्ने र कि.नं. ८९८ को जग्गा बाबुबाट छुट्टी भिन्न भइसकेपछि खरीद गरेको देखिँदा कि.नं. ८९८ को जग्गा मात्र लिलाम गराउन र रोक्का राख्न नमिल्ने ।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल माघ १२ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CI-०९६७, निषेधाज्ञायुक्त परमादेश, *सत्यनारायण चौधरी वि. नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालय*

पुनरावेदक सत्यनारायण चौधरी नेपाल विद्युत प्राधिकरणको कर्मचारी भएकोमा विवाद छैन । निज समेत चारजनाले तत्कालीन सातौं विद्युत आयोजना इटहरी डिभिजनको अनारमनी स्टोरबाट पूर्वाञ्चल क्षेत्रीय कार्यालयमा सरसामान हस्तान्तरण गर्दा नपुग भएको सामानको मूल्य बराबरको रकम दामासाहीले असूल गर्ने निर्णय भएमुताविक पुनरावेदकले तलव भत्ताबाट असूल गर्न थालेको पाइन्छ । निजलाई विभागीय कारवाहीको प्रक्रिया अगाडि बढाएको भन्ने पनि मिसिल संलग्न टिप्पणी आदेशको प्रतिलिपिबाट देखाएको छ । यस्तो अवस्थामा हिनामिना भएको सामानको मूल्य बराबरको रकम निजको तलव भत्ताबाट असूलउपर गर्न नमिल्ने भन्न नमिल्ने भन्न मिल्ने देखिँदैन । तीन महिना निजको तलवभत्ताबाट कट्टा भइसकेको कुरा निजलाई अवगत रहेको निवेदन लेखाइबाट देखिन्छ । बिना निर्णय सो सम्भव नहुने कुरामा पनि निज अनभिज्ञ होलान् भनी मान्न मिलेन । सो निर्णयलाई चुनौती नदिई दायर भएको निषेधाज्ञा परमादेशको निवेदनको कुनै औचित्य नदेखिने ।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल माघ १२ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CI-११८१, निषेधाज्ञा, *लक्ष्मीदत्त बोहरा वि. तुलाराम भट्ट*

पुनरावेदकले यिनै विपक्षीउपर कञ्चनपुर जिल्ला अदालतमा नक्सा दर्ता बदर जग्गा खिचोला मेटाई चलन चलाई पाऊँ भनी यसै विषयमा फिरादपत्र दिएको समेत जिकीर देखिन्छ । कुनै नागरिकको हक अधिकारमा कसैबाट हनन् हुन लागेको शंकाको अवस्थामा त्यसलाई रोक्न निषेधाज्ञाको आदेश जारी हुने हो । यहाँ त्यो स्थिति रहेन । जिल्ला अदालतमा मुद्दा दायर भएको देखिएबाट सोही मुद्दाबाट निरोपण हुने विषयमा निषेधाज्ञा जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल माघ १२ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CI-०४०८, परमादेश, *रामनाथ यादव वि. जिल्ला दररेट समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी, कञ्चनपुर समेत*

जिल्ला प्रशासन कार्यालय कञ्चनपुरको मिति २०६५।९।१ को च.नं. १३१३ को पत्रको प्रतिलिपि हेर्दा दैनिक काम गर्ने कामदार कर्मचारीलाई नदिएको ज्याला

दिलाई भराईपाऊँ भन्ने ट्रेड यूनियन महासंघको पत्र समेत राखी कानूनबमोजिम पाउने सुविधा उपलब्ध गराउनेतर्फ आवश्यक कारवाही गरिदिनु भनी महाकाली सिंचाई व्यवस्थापन कार्यालय कञ्चनपुरलाई लेखी पठाएको अवस्थामा विपक्षीहरूले तोकिएको कर्तव्य पालना नगरेको भन्न मिल्ने देखिन आएन । त्यसैगरी वृद्धि भएको पारिश्रमिक दिलाई भराई पाऊँ भन्ने विषय रिट क्षेत्रअन्तर्गतको विषय नदेखिँदा निवेदन खारेज हुने ।
इजलास अधिकृतः भोजराज रेग्मी
इति संवत् २०६८ साल माघ १२ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CI-०४१७, निषेधाज्ञा, *नारायणीदेवी देउला वि. महानगरीय प्रहरी परिसर, ललितपुर समेत*

निवेदिकालाई प्रहरी कार्यालयमा लगी विपक्षी बिलबहादुर र खुशबहादुरबीच भएको लेनदेनको विषयमा डर, धाक दिई कागज गराउने थुन्ने, पक्रने, विपक्षीबाट जवर्जस्ती कागज गराउने सम्भावना नदेखिएको स्थितिमा निषेधाज्ञाको निवेदन खारेज हुने ।
इजलास अधिकृतः भोजराज रेग्मी
कम्प्युटरः मुक्ता प्याकुरेल
इति संवत् २०६८ साल माघ १२ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CI-०७६५, परमादेश, *कृषि विकास बैंक, मुख्य कार्यालय, विराटनगर वि. महमद कमरून मियाँ समेत*

२०५२ सालमा जैनुद्दिन मियाँले पुनरावेदक कृषि विकास बैंकबाट ऋण लिँदा धितो राखेको सम्पत्ति लिलामबाट असूल गरी नपुगेको भनी प्रत्यर्थीको नामको रिट निवेदनमा उल्लिखित कि.नं. १५,२१,५६ र १७७ को जग्गा रोक्का राखेको देखिन्छ । प्रत्यर्थीहरू कृषि विकास बैंकबाट ऋण लिने ऋणी र धितो बन्धक लेखी दिने व्यक्ति हुन् भन्ने पनि देखिँदैन । यी प्रत्यर्थीहरूकी आमा हसिना खातुन उक्त ऋण लिँदा जमानीसम्म बसेको देखिन्छ । यस्तो अवस्थामा धितोबन्धक लेखी दिएको सम्पत्तिले नपुगेको भनी अन्य व्यक्तिको सम्पत्ति लिलाम गर्ने अख्तियारी कसैलाई रहे भएको नदेखिँदा परमादेशको आदेश जारी हुने ।
इजलास अधिकृतः भोजराज रेग्मी
इति संवत् २०६८ साल माघ १२ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CI-१०१२, निषेधाज्ञायुक्त परमादेश, *इन्द्रसेन अग्रवाल वि.राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, विराटनगर समेत*

कि.नं. २९, कि.नं. ४७ तथा सोमा बनेको गोदाम घरसमेत सुरक्षणबापत धितो बन्धक लेखी दिएकै देखिन्छ । सोबाहेक धितो बन्धक नदिएको अवस्थामा पनि विपक्षी बैंकले लिलामको लागि सूचना निकालेको गैरकानूनी छ भन्ने पुनरावेदकको जिकीर भए पनि विपक्षी बैंकसँग निवेदकले ऋण लिएको कुरामा विवाद छैन । विपक्षीसँग निवेदकले लिएको ऋण तिरी सकेको भन्ने कुरा पनि कहीँ कतैबाट देखिन आएको छैन । यस्तो अवस्थामा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७ बमोजिम आफ्नो लगानी असूल गर्न बैंकले सक्ने नै देखिन्छ । यसका साथै यी निवेदकको उद्योग सञ्चालनको लागि लिएको कर्जाबापत यी निवेदककै निवेदनमा उल्लिखित सम्पत्ति विपक्षी बैंकले रोक्का राखी ऋण असूलीको लागि लिलामी प्रक्रिया अगाडि बढाएको कार्यलाई अन्यथा भन्न मिल्ने नदेखिँदा निषेधाज्ञायुक्त परमादेशको आदेश जारी गरिपाऊँ भन्ने निवेदन खारेज हुने ।
इजलास अधिकृतः भोजराज रेग्मी
इति संवत् २०६८ साल माघ १२ गते रोज ५ शुभम् ।

९

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** २०६४ सालको दे.पु.नं. ०५५३, करारबमोजिम रकम दिलाई भराई पाऊँ, *मल्लिका बज्राचार्य वि. यज्ञमान तुलाधर समेत*

वादी दावीमा उल्लिखित कि.नं. २००६ को घर जग्गामध्ये ३ भागको १ भाग प्रत्यर्थी वादीहरूले बिक्री गरी भोग गरिसकेको अवस्था हुँदा ३ भागको २ भाग लिखत मात्र कच्चा भएबाट वादी दावीमा उल्लिखित कि.नं. २००६ को घर जग्गाको मूल्य रू. २,२५,०००।- लाई ३ भाग लगाई सोको २ भाग रू. २,८३,३३३।३४ र सोही रकम बराबरको व्याज रू. २,८३,३३३।३४ वादीहरू यज्ञमान तुलाधर र बाबुरत्न श्रेष्ठले प्रतिवादी मल्लिका बज्राचार्यबाट भरिपाउने ।
इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
इति संवत् २०६८ साल भदौ ११ गते रोज १ शुभम् ।

१०

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** ०६३-CI-०९०५, अंश दर्ता, *शिवनारायण यादव समेत वि. रामनारायण यादव*

दावीको कि.नं. १२०३ र १२०४ को जग्गा प्रत्यर्थी वादी रामनारायण यादवको ठूली आमा फेकनी देवी भन्ने सुहागवतीको नाउँमा गाउँ ब्लकमा दर्ता रहेको भन्ने मिसिल संलग्न मालपोत कार्यालय सप्तरीको गाउँ ब्लक लगत कायमसम्बन्धी निर्णयको प्रमाणित प्रतिलिपि समेतबाट देखिने हुँदा सगोलका अंशियारको नाममा दर्ता कायम रहेको उक्त जग्गा बण्डा लाग्ने अवस्थाको नै देखिन आयो। त्यस्तै दावीको कि.नं. ४२६ को जग्गा जामुन यादवको मृत्युपछि प्रतिवादी फेकनीदेवी भन्ने सुहागवतीको नाममा अपुताली हकबाट नामसारी दर्ता हुन आएको भन्ने देखिन्छ। प्रत्यर्थी वादी रामनारायण समेत सुहागवती सरहको अपुताली खान पाउने समान हकदार रहेको हुँदा सुहागवतीका नाममा मात्र नामसारी भएको कारणबाट सो कित्ताबाट अंश नपाउने भन्न मिल्ने देखिएन। साथै उक्त कि.नं. ४२६ को जग्गा सम्बन्धमा चलेको जालसाजी मुद्दा डिसमिस भएकै आधारमा वादीलाई अंश हकबाट बञ्चित गर्न नमिल्ने।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल भदौ ११ गते रोज १ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४ सालको फौ.पु.नं. CR-०४४२, लागू औषध, *नेपाल सरकार वि. भक्तबहादुर थापा मगर समेत*

प्रतिवादी मनोज भन्ने भक्तबहादुर अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतसमक्ष लागू औषध सेवनमा सावित भएको र लागू औषध प्रतिवादी नवराज खनालबाट बरामद भएको कुरामा सावित रहेको देखिँदा निज प्रतिवादीलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(झ) बमोजिमको माग लिएको देखिए तापनि निज भक्तबहादुरले सेवन गर्नेसम्मको देखिएकोले सेवनसम्मको कसूर ठहरी उक्त ऐनको दफा १४(१)(ज) बमोजिम चालीस (४०) दिन कैद सजाय रू. २०००।- जरीवाना हुने।

नवराज खनालबाट लागू औषध बरामद भएको र लागू औषधको परिमाण अत्याधिक रहनुको अतिरिक्त आफ्नो साथबाट बरामद भएको उक्त लागू औषध आफूले सेवन गर्न तथा बेचबिखन गर्न नभई केवल पैसा पाउने आशाले बोकी ल्याएको भनी साविती बयान गरेको देखिन्छ। बरामदी मुचुल्काबाट उक्त लागू औषध प्रतिवादी नवराजको साथबाट टेपले बाँधिएको अवस्थामा फेला परेको देखिएको छ। यसरी आफ्नो साथबाट बरामद भएको लागू औषध आफूले बोकी मात्र ल्याएको, सेवन नगरेको भन्ने बयान गरेको देखिए तापनि लागू औषधको परिमाणलाई मध्यनजर गर्दा निजको भनाइसँग सहमत हुनसक्ने अवस्था देखिन आएन। नरफिन एम्पल १० गोटी, नाइट्रोसन गोटी ८, डाइजिन थान ५ बरामद भएको यस अवस्था र अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष बरामद भएको कुरामा सावित रहेको अवस्थामा निज नवराज खनाललाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(झ) को सजायको माग दावी लिएको देखिए तापनि निज १४ वर्षको उमेरको देखिँदा र बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) मा चौध वर्ष वा सोभन्दा माथि र सोह्र वर्षभन्दा मुनिको बालकले कुनै अपराध गरे निजलाई कानूनबमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुने व्यवस्था रहेको देखिँदा निज प्रतिवादी नवराज खनाललाई कैद वर्ष एक र रू. ५०,०००।- (पचास हजार) जरीवाना हुने।

इजलास अधिकृतः हरिहर पौड्याल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६८ साल असोज २ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४ सालको फौ.पु.नं.०५६३, लागू औषध (नर्फिन) समेत, *नेपाल सरकार वि.सोनम राई*

बरामदी मुचुल्काबाट प्रतिवादी सोनम राइले लगाएको पाइन्टभित्रको कट्टुभित्र अण्डकोष मुनि टेपले टाँसेको अवस्थामा एभिल इन्जेक्शन ७ थान, डाइजेपाम इन्जेक्शन ९ थान, नाइट्रोजन ट्याबलेट ३ थान, र नर्फिन इन्जेक्शन ९ थान र यामोप्रोक्शीमट क्याप्सूल ८ थान गरी ठूलो परिमाणमा लागू औषध निज प्रतिवादीबाट

प्राप्त भएको देखिन्छ। यति ठूलो परिमाणको लागू औषध निजले आफूले सेवन गर्नको लागि मात्र ल्याएको भनी मान्न सक्ने स्थिति थिएन। लागू औषध केवल सेवनको लागि मात्र हो वा बिक्री वितरणलगायतका प्रयोजनको लागि खरीद गरिएको भनी निर्णय गर्न लागू औषधको परिमाणमा भर गर्नुपर्ने हुन्छ। सेवनको लागि मात्र खरीद गर्नेले एक, दुई वा केही पटक सम्मको सेवनलाई खरीद गर्ने हुन्छ। अत्याधिक मात्राको लागू औषध खरीद भई नेपाल ल्याउने कार्यलाई केवल सेवन गर्ने प्रयोजनको लागि मात्र हो भनी मान्न नमिल्ने हुँदा प्रतिवादी सोनम राईलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(झ) बमोजिम दुई वर्ष कैद सजाय र रू. एक लाख जरीवाना हुने।

इजलास अधिकृतः हरिहर पौड्याल

इति संवत् २०६८ साल असोज २ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४ सालको फौ.पु.नं.CR-०५७४, बहुविवाह, *नेपाल सरकार वि. बद्री भुर्तेल समेत*

प्रतिवादी बद्री भुर्तेलले घरमा पहिलो श्रीमती जीवित छँदाछँदै कानूनबमोजिम सम्बन्ध बिच्छेद् भएको भन्ने अवस्था समेत नदेखिएको अवस्थामा प्रतिवादीउपर मञ्जू भुर्तेलले किटानी जाहेरी दिई प्रतिवादीले सो जाहेरी व्यहोरालाई अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष समेत स्वीकार गरेको अवस्थामा निज प्रतिवादी बद्री भुर्तेललाई मुलुकी ऐन, विवाहवारीको ९ नं. विपरीत बहुविवाहको अभियोगमा सोही ऐनको १० नं. बमोजिम १ (एक) वर्ष कैद र रू. ५०००।- जरीवाना हुने।

अर्का प्रतिवादी लक्ष्मी भुर्तेलको हकमा निजले अधिकारप्राप्त अधिकारी र अदालतमा समेत आफूले जानीजानी दोस्रो विवाह गरेको नभई बद्री भुर्तेलले आफूलाई थाहा जानकारी समेत नदिएको भन्ने बयान गरेकी र वादी नेपाल सरकार तर्फबाट समेत निजले घरमा पहिलो श्रीमती रहेको भन्ने जानी जानी विवाह गरेको भन्ने कुराको तथ्ययुक्त प्रमाण पेश गर्न नसकेको अवस्थामा निज लक्ष्मी भुर्तेललाई अभियोग माग दावीबमोजिमको कसूर दावीबाट सफाइ हुने।

इजलास अधिकृतः हरिहर पौड्याल

इति संवत् २०६८ साल असोज २ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६५ सालको फौ.पु.नं. ०६५-CR-०४२७, जवर्जस्ती करणी, *नेपाल सरकार वि. चन्द्रबहादुर तामाङ*

वारदात हुँदाका बखत बहाल रहेको कानून मुलुकी ऐन जवर्जस्ती करणीको महलको १ नं. मा योनीमा लिङ्गको आंशिक प्रवेशलाई जवर्जस्ती करणीको परिभाषामा राखेको देखिन्न। मिति २०६३।७।१७ मा लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा मुलुकी ऐन, जवर्जस्ती करणीको महलको १ नं. मा संशोधन गरी योनीमा लिङ्ग केही मात्र प्रवेश भएको रहेछ भने पनि यस नम्बरको प्रयोजनका लागि करणी गरेको मानिनेछ भनी थप कानूनी व्यवस्था भएको देखिन्छ। तथापि यस मुद्दामा केही मात्रामा भए पनि लिङ्ग प्रवेशको वा आंशिक प्रवेशको पनि तथ्य नरही बाहिर छोएको वा चलाएको तथ्य रहेको देखिन्छ। केही मात्रामा पनि लिङ्ग प्रवेश नभएको अवस्था रही प्रतिवादीले आफ्नो लिङ्ग पीडितको योनीभित्रै प्रवेश नगराई छुवाएकोसम्मको तथ्य रहेको हुन आएबाट प्रतिवादी चन्द्रबहादुर तामाङले पीडित ख कुमारीलाई मुलुकी ऐन जवर्जस्ती करणीको महलको ५ नं. बमोजिम जवर्जस्ती करणीको उद्योगसम्म गरेको पुष्टि हुन आयो। प्रतिवादीले जवर्जस्ती करणीको उद्योग गरेबाट जवर्जस्ती करणीको महलको ५ नं. बमोजिम ऐ. ३(१) नं. मा उल्लिखित सजायको आधा ५ वर्ष कैद हुने।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६८ साल असोज ३० गते रोज २ शुभम्।

## एकल इजलास

१

**मा.न्या.श्री प्रकाश वस्ती,** २०६८-WS-०००६, उत्प्रेषणयुक्त परमादेश समेत, *देवीकला पाण्डे समेत वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

यस अदालतको विशेष इजलासबाट रिट नं. २०६५-WO-००२९, को निवदक मनिर आलम अन्सारी विरूद्ध स्वास्थ्य सेवा विभाग, टेकु काठमाडौं समेत भएको

रिट निवेदनमा स्वास्थ्य सेवा ऐन, २०५३ को तेस्रो संशोधनले थप गरेको दफा ३ को उपदफा (७घ) नेपालको अन्तरिम संविधान, २०६३ सँग बाझिएको भनी परेको रिट निवेदनमा मिति २०६६।१०।७ मा स्तरवृद्धि हुनासाथ स्वतः माथिल्लो पदनाम पाउनुपर्ने भन्ने निवेदन दावी आधारहीन देखियो भनी रिट निवेदन खारेज हुने ठहरी निर्णय भएको पाइन्छ ।

निवेदक बलराम खत्री समेत विपक्षी स्वास्थ्य सेवा विभाग, टेकु समेत भएको रिट नं. ०६६-WS-००३४ को उत्प्रेषण रिट निवेदनमा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ को उपदफा (७क) को खण्ड छ र ज को प्रावधान स्वास्थ्य सेवाको कर्मचारीहरूको वृत्ति विकाससँग सम्बन्धित भई त्यसले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ को उपधारा ३ को (च) तथा धारा १३ को उपधारा १ द्वारा प्रदत्त समानताको हकमा कुनै किसिमको बाधा अवरोध सिर्जना गरेको नदेखिँदा रिट निवेदन खारेज हुने र निवेदक सुनिता खनाल समेत विपक्षी स्वास्थ्य सेवा विभाग समेत भएको रिट नं. ०६५-WS-००२६ मा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ को उपदफा ७(घ) को कानूनी व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३, १८ र १९ समेतसँग बाझिएको नदेखिएकोले रिट निवेदन खारेज हुने ठहरी आदेश भएको देखिन्छ। खासगरी पछिल्ला दुई विशेष इजलासद्वारा गरिएका व्याख्याद्वारा निर्णय नै भइसकेको विषयवस्तुलाई लिएर लगभग समान कानूनी प्रश्न उठाइएको प्रस्तुत निवेदनमा कारण देखाउ आदेश जारी गरी विवादलाई लिएर अगाडि बढाउन आवश्यक नदेखिने।

इजलास अधिकृतः डण्डपाणि शर्मा

इति संवत् २०६८ साल साउन २२ गते रोज १ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- रिट नं. ०६८-WS-०००५, उत्प्रेषण समेत, *नरबहादुर श्रेष्ठ समेत वि.व्यवस्थापिका संसद सचिवालय समेत*
- रिट नं. ०६८-WS-०००७, उत्प्रेषण समेत, *मुक्तिनाथ पण्डित समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- रिट नं. ०६८-WS-०००८, उत्प्रेषण समेत, *डिलबहादुर श्रीस समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

२

**मा.न्या.श्री प्रकाश वस्ती,** रिट निवेदन नं. ०६८-WH-००२६, वन्दीप्रत्यक्षीकरण समेत, *हकमा सरीता शाक्य वि.महानगरीय प्रहरी परिसर, हनुमानढोका समेत*

लागू औषध मुद्दाको मुख्य अभियुक्त रीता श्रेष्ठको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयानको सवाल जवाफ नं. १९ मा यी निवेदिका उर्मीला श्रेष्ठको मोबाइल नं. मा सम्पर्क भएको भनी उल्लेख गरेको सो मुद्दाको मिसिलबाट देखिन आउँछ। लागू औषध कारोवारको सिलसिलामा सम्पर्क भएको उल्लिखित मोबाइल नं. ९८०८४३८३५६ आफ्नो भएको भनी उर्मीला श्रेष्ठले मिति २०६८।६।४ मा बयान गर्दा सवाल जवाफ नं. १३ मा स्वीकार गरेको समेत देखिन आउँदा मूल अभियुक्तसँग चिनजान नै नरहेको भन्ने समेतका निवेदन कथनको पुष्टि हुन नसक्ने ।

प्रचलित कानूनबमोजिम लागू औषध मुद्दाको अपराध अनुसन्धानको सिलसिलामा उर्मीला श्रेष्ठलाई पक्राउ गरी मुद्दा हेर्ने निकायको अनुमतिले थुनामा राखेको दखिँदा गैरकानूनी थुना भन्ने स्थापित हुन नआउँदा वन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः चुरामन खड्का

इति संवत् २०६८ साल असोज १५ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको रि.नं. WO-१२४४, उत्प्रेषण, *रामपुकार शाह वि. रामविलास शाह*

कुन प्रमाणका आधारमा कोबाट तायदाती माग्नुपर्ने हो र कोबाट माग्नुपर्ने होइन भनी असाधारण अधिकारक्षेत्रबाट एकातिर बोल्न मिल्ने देखिएन भने अर्कोतिर सर्वोच्च तहको उपल्लो अदालतले गर्ने आदेशले मातहत अदालतको न्यायिक प्रक्रियामा नै प्रभाव पार्ने स्थितिमा पनि यस अदालतले न्यायिक संयम अपनाउनु पर्ने हुन्छ। निवेदकले यस निवेदनमा उठाएको विषय प्रमाण र कानूनबाट पुष्टि हुने भए जिल्ला अदालतलगायत पुनरावेदकीय अदालतबाट सम्बोधन हुन सक्ने नै स्थिति हुँदा जिल्ला अदालतमा चलिरहेको मुद्दाको प्रक्रियालाई प्रतिकूल प्रभाव पर्ने गरी ढिलाई गराउनु समन्यायिक दृष्टिबाट समेत न्यायसंगत् नदेखिने।

इजलास अधिकृतः हरिहर पौड्याल

इति संवत् २०६८ साल असार २९ गते रोज ४ शुभम् ।